# मेरो नेपाली

## कक्षा ४

प्रकाशक
नेपाल सरकार
शिक्षा मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र

प्रकाशक : नेपाल सरकार
शिक्षा मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र
सानोठिमी, भक्तपुर

ISBN:

© प्रकाशकमा

पहिलो संस्करण : वि.सं. २०५१
परिमार्जित संस्करण : वि.सं. २०७४

मूल्य रु : ६२/–

पाठ्यक्रम विकास केन्द्रको लिखित स्वीकृतिबिना व्यापारिक प्रयोजनका लागि यसको पूरै वा आंशिक भाग हुबहु प्रकाशन गर्न, परिवर्तन गरेर प्रकाशन गर्न, कुनै विद्युतीय साधन वा अन्य प्रविधिबाट अभिलेखबद्ध गर्न र प्रतिलिपि निकाल्न पाइने छैन ।

# हाम्रो भनाइ

शिक्षालाई उद्धेश्यमूलक, व्यावहारिक, समसामयिक र रोजगारमूलक बनाउन विभिन्न समयमा पाठ्यक्रम, पाठ्यपुस्तक विकास तथा परिमार्जन गर्ने कार्यलाई निरन्तरता दिइँदै आएको छ । विद्यार्थीमा राष्ट्र, राष्ट्रिय एकता र लोकतान्त्रिक संस्कारको भावना पैदा गराई नैतिकता, अनुशासन र स्वावलम्बन, सिर्जनशीलता जस्ता सामाजिक एवम् चारित्रिक गुण तथा आधारभूत भाषिक तथा गणितीय सिपका साथै विज्ञान, पेसा व्यवसाय, सूचना तथा सञ्चार प्रविधि, वातावरण र स्वास्थ्य सम्बन्धी आधारभूत ज्ञान र जीवनोपयोगी सिपको विकास गराउनु जरुरी छ । उनीहरूमा कला र सौन्दर्य, मानवीय मूल्य मान्यता, आदर्श र वैशिष्ट्यहरूको संरक्षण तथा संवर्धनप्रतिको भाव जगाउन आवश्यक छ । समावेशी समाजको निर्माणमा सहयोग पुऱ्याउन उनीहरूमा विभिन्न जातजाति, लिङ्ग, अपाङ्गता, भाषा, धर्म, संस्कृति र क्षेत्रप्रति समभाव जगाउनु र मानव अधिकार तथा सामाजिक मूल्य मान्यताप्रति सचेत भई जिम्मेवारीपूर्ण आचरणको विकास गराउनु पनि आजको आवश्यकता बनेको छ । प्राथमिक शिक्षा पाठ्यक्रम २०६२ लाई मूल आधार मानी शिक्षा सम्बन्धी विभिन्न आयोगका सुझाव, शिक्षक, विद्यार्थी तथा अभिभावकलगायत शिक्षासँग सम्बद्ध विभिन्न व्यक्ति सम्मिलित गोष्ठी र अन्तर्क्रियाका निष्कर्ष र विभिन्न विद्यालयमा परीक्षण गरी प्राप्त पृष्ठपोषणसमेतलाई समेटी यो पाठ्यपुस्तक तयार पारिएको हो ।

विद्यार्थीले विकास गरेका सुनाइ, बोलाइ, पढाइ र लेखाइ सिपलाई स्थायित्व दिन सकेमा भाषा सिकाइ प्रभावकारी हुन्छ । यसै पक्षलाई दृष्टिगत गरी यसमा भाषिक सिप विकासका लागि पर्याप्त अभ्यास राखिएका छन् । यसमा मौजुदा पाठ्यपुस्तक अध्ययन अध्यापनका क्रममा विद्‌यार्थी र शिक्षकलाई परेका कठिनाइ समाधान गर्ने सामग्रीसमेत समावेश गरी शिक्षकलाई आवश्यक शिक्षण निर्देशन दिइएको छ । वि.सं. २०५१ मा दिवाकर ढुङ्गेल र उषा दीक्षितले लेख्नुभएको पाठ्यपुस्तकलाई हरिबोल खनाल, प्रा. डा. केदारप्रसाद शर्मा, द्रोण दाहाल, जयप्रसाद लम्साल, शिवप्रसाद उप्रेती, गणेशप्रसाद भट्टराई, विष्णुप्रसाद अधिकारी र शिवराज उपाध्यायद्वारा लेखन, परिमार्जन तथा सम्पादन गराई यस रूपमा तयार गरिएको हो । यसको भाषा सम्पादन शम्भु दाहाल गर्नुभएको हो । यस पुस्तकलाई चार रङमा विकास गर्न र यसको रूप विन्यास एवम् कला सम्पादन कार्य श्रीहरि श्रेष्ठले गर्नुभएको हो । उहाँहरूलगायत यस पाठ्यपुस्तकको विकास तथा परिमार्जन कार्यमा संलग्न विषय समितिका पदाधिकारी एवम् अन्य सबैप्रति पाठ्यक्रम विकास केन्द्र धन्यवाद प्रकट गर्दछ ।

पाठ्यपुस्तकलाई शिक्षण सिकाइको महत्त्वपूर्ण साधनका रूपमा लिइन्छ । यसबाट विद्यार्थीले पाठ्यक्रमद्वारा लक्षित सक्षमता हासिल गर्न मदत पुग्ने अपेक्षा गरिएको छ । यस पाठ्यपुस्तकलाई सकेसम्म क्रियाकलापमुखी र रुचिकर बनाउने प्रयत्न गरिएको छ । पाठ्यपुस्तकलाई अझै परिष्कृत पार्नका लागि शिक्षक, विद्यार्थी, अभिभावक, बुद्धिजीवी एवम् सम्पूर्ण पाठकहरूको समेत महत्त्वपूर्ण भूमिका रहने हुँदा सम्बद्ध सबैको रचनात्मक सुझावका लागि पाठ्यक्रम विकास केन्द्र हार्दिक अनुरोध गर्दछ ।

नेपाल सरकार
शिक्षा मन्त्रालय
वि. सं. २०७३ — पाठ्यक्रम विकास केन्द्र

## विषय सूची


| पाठ | शीर्षक | पृष्ठ |
|---|---|---|
| १ | गाउँछ गीत नेपाली (कविता) | १ |
| २ | धनको घमन्ड (कथा) | ५ |
| ३ | बचत गर्ने बानी (प्रबन्ध) | १० |
| ४ | नौलाख तारा (कविता) | १५ |
| ५ | नीमको पात (कथा) | १९ |
| ६ | बाग्मती नदी (प्रबन्ध) | २६ |
| ७ | बिहेको निम्तो (संवाद) | ३३ |
| ८ | दाजुभाइ र बुढाबा (कथा) | ४१ |
| ९ | स्वस्थ बनौँ (प्रबन्ध) | ४९ |
| १० | बुबाको चिठी (चिठी) | ५४ |
| ११ | आमा (कविता) | ५८ |
| १२ | बजा लौरी डाङडुङ (कथा) | ६१ |
| १३ | नरेशको यात्रा (प्रबन्ध) | ६७ |
| १४ | पशुपन्छी र हाम्रो कर्तव्य (संवाद) | ७३ |
| १५ | प्रधानाध्यापकलाई निवेदन (निवेदन) | ७८ |
| १६ | पाप लाग्छ (कविता) | ८१ |
| १७ | पछुतो (कथा) | ८६ |
| १८ | बाल बालिकाको अधिकार (प्रबन्ध) | ९४ |
| १९ | लक्ष्य (कविता) | १०० |
| २० | सत्यकामको अठोट (कथा) | १०४ |
| २१ | आधुनिक सञ्चार (प्रबन्ध) | १११ |

# १ गाउँछ गीत नेपाली

- माधवप्रसाद घिमिरे

गाउँछ गीत नेपाली, ज्योतिको पङ्ख उचाली
जय, जय, जय हे ! नेपाल, सुन्दर शान्त विशाल ।

गण्डकी, कोसी, कर्णाली, मेची र महाकाली
लेक र बँसी ब्युँझाउँछन् लहर लाखौँ उचाली
हिमालचुली बोलाउँछ पहिलो झुल्का निकाली
सगरमाथा शिखरमा पुग्दछ पहिले नेपाली ।

सीताले सारा भिजाइन् दक्षिण लङ्का, भारत
भृकुटी तारा उदाइन् उत्तर चीन, तिब्बत
बुद्धले यहीँ पाएथे ज्ञानको पहिलो मुहान
शिवले यहीँ ल्याएथे सृष्टिको पहिलो बिहान ।



पश्चिम किल्ला काँगडा, पूर्वमा टिस्टा पुगेथ्यौँ
कुन शक्तिको सामुमा कहिले हामी झुकेथ्यौँ
हामीले हिमाल उठायौँ एसियाको माझमा
सभ्यता बास बसेथ्यो आएर यहीँ साँझमा ।

यै नेपाली धुलामा दिलको फूल रोपेर
यै पहाडी शिलामा प्रीतिको गीत खोपेर
बाँचौँला हामी नेपालमा चन्द्र र सूर्य ध्वजा ली
नाचौँला हामी हिमालमा ज्योतिको पङ्ख उचाली ।

## अभ्यास

१. 'गाउँछ गीत नेपाली' कविता शिक्षकले गाएको सुन र त्यसैअनुसार गाऊ ।

२. तलका शब्द प्रस्टसँग उच्चारण गर :

ज्योति, कर्णाली, टिस्टा, प्रीति, ध्वजा, भृकुटी, बुद्ध, सृष्टि, दिल

३. तलका शब्द सच्याएर कापीमा सार :

गित, नेपालि, ग्यान, पुर्व, येसिया, सभ्येता

४. कवितामा प्रयोग भएका नदीका नाम लेख ।

५. शब्द र अर्थको जोडा मिलाऊ :

| शब्द | अर्थ |
|---|---|
| ज्योति | पखेटा |
| पङ्ख | प्रकाश |
| लेक | उत्पत्ति |
| बेँसी | पहाडको माथिल्लो भाग |
| शिखर | चुचुरो |
| सृष्टि | पहाडको तल्लो भाग |
| किल्ला | शिष्टता |
| सभ्यता | सिमाना |
| शिला | झन्डा |
| प्रीति | माया |
| ध्वजा | ढुङ्गा |

६. उत्तर भन :

(क) गीत कसले गाउँछ ?

(ख) बुद्धले ज्ञान कहाँ पाएका थिए ?

(ग) हामीले कहाँ हिमाल उठायौँ ?

(घ) हामीले के गरेनौँ ?

(ङ) नेपालीहरू कहाँ नाच्छन् ?

७. उदाहरणमा दिइए जस्तै गरी कविताबाट शब्द खोजेर लेख :

उदाहरण : नेपाली – उचाली

नेपाल - विशाल

कर्णाली -

भारत -

मुहान -

माझमा -

रोपेर -

८. कविताका पङ्क्ति पूरा गर :

______ ______ज्योतिको पङ्ख उचाली

जय, जय, जय हे ! नेपाल, ______ ______ ______ ।

९. उदाहरणका आधारमा शब्दको रूप बदल :

उदाहरण : नेपाल – नेपाली

बनेपा – बनेपाली

| | |
|---|---|
| झापा - | स्याङ्जा - |
| डोल्पा - | हिमाल - |
| गोरखा - | पाल्पा - |

१०. तलका शब्दलाई वाक्यमा प्रयोग गर :

जय, दक्षिण, पहिलो, एसिया, सूर्य, नेपाल, मुहान, विशाल

११. पढ, बुझ र सार :

(क) पश्चिम किल्ला काँगडा, पूर्वमा टिस्टा पुगेथ्यौँ
कुन शक्तिको सामुमा कहिले हामी झुकेथ्यौँ

(ख) बाँचौँला हामी नेपालमा चन्द्र र सूर्य ध्वजा ली
नाचौँला हामी हिमालमा ज्योतिको पङ्ख उचाली ।

## १२. उत्तर लेख :

(क) कवितामा सुन्दर, शान्त विशाल भनेर केलाई भनिएको हो ?

(ख) सगरमाथा शिखरमा पहिले को पुग्यो ?

(ग) काँगडा र टिस्टा नेपालको कुन कुन भागमा पर्छन् ?

(घ) कुन कुन देशमा सीता र भृकुटीले नेपाललाई चिनाएका थिए ?

(ङ) कवितामा नेपाली वीरताको बयान कसरी गरिएको छ ?

## १३. वाक्यमा प्रयोग गर :

| | |
|---|---|
| (क) कालो | टोपी |
| (ख) रातो | टिका |
| (ग) हरियो | घाँस |
| (घ) पहेँलो | लुगा |
| (ङ) निलो | मसी |

## १४. चित्रमा तिमी के के देख्छौ, भन :



## १५. तलका शब्द प्रयोग गरी नेपालको वर्णन गर :

| | | | | | |
|---|---|---|---|---|---|
| हिमाल | नदीनाला | विशाल | सगरमाथा | सीता | |
| लेक | बेँसी | बुद्ध | ध्वजा | पहाड | एसिया |

२

# धनको घमन्ड



देउताहरूमा कुबेर सबैभन्दा धनी थिए । कहिलेकाहीँ देउताहरू सम्पत्तिको खाँचो पर्दा उनैकहाँ पुग्थे । कुबेर पनि मदत गर्थे । बिस्तारै कुबेरलाई धनको घमन्ड चढ्दै गयो । उनको घमन्डका बारेमा देउताहरूलाई थाहा नभएको होइन तै पनि सबै चुप थिए । गणेश चाहिँ कसरी कुबेरको घमन्ड तोडौँ भन्ने मौकाको खोजीमा थिए ।

एक दिन कुबेरले ठुलो भोजको आयोजना गरे । सबै देवी देउताहरूलाई निम्तो गरियो । भोजमा बलवान् भीमसेनदेखि रिसाहा ऋषि दुर्वासासम्म थिए । सबै जना कुबेरको ठाँटबाँट देखेर दङ्ग परे । एक छिनपछि ठुलो भुँडी हल्लाउँदै गणेश पनि त्यहीँ पुगे । कुबेरले गणेशलाई देख्नेबित्तिकै बडो सम्मानका साथ भित्र लगे । उनलाई विभिन्न प्रकारका खानेकुरा खुवाउन थालियो । गणेश आफ्ना अगाडि भएका सबै खानेकुरा खान थाले । मान्छेहरूले पनि दौडादौड गर्दै खानेकुरा ल्याए । जति खानेकुरा ल्याए पनि गणेश एकै गाँसमा सिध्याइदिन्थे । गणेशलाई खानेकुरा थप्दाथप्दा पकाएका सबै खानेकुराहरू सकिए । अझ पनि गणेशको पेट भरिएको थिएन । उता भान्सामा अरू खानेकुरा तयार पारिँदै थियो, यता गणेश अझै खानेकुरा ल्याऊ भनी माग्दै थिए ।

खानेकुरा ल्याउन ढिलो भयो भनी गणेश आफैँ भान्सामा पुगे । उनी पकाउँदा पकाउँदैका खानेकुरा झिकेर खान थाले । भान्साको सबै खानेकुरा पनि सिद्धियो । गणेश मलाई अझ खानेकुरा चाहियो भन्दै कुर्लन थाले । कुबेरले गणेशसँग बिन्ती गर्दै भने, “अब त नपकाएको दाल, चामल र तरकारी मात्र छ । एक छिन पर्खनुहोस् ।”

गणेश झन् गर्जेर खोइ, कहाँ राख्या छ, त्यही भए पनि ल्याऊ भन्दै भण्डारतिर लागे । भण्डारमा भएका सबै अन्नपात उनले काँचै खाए । एकै छिनमा गणेशले भण्डार रित्तो पारे । आफ्नो त्यत्रो भण्डार पनि रित्तो भएको देखी कुबेरको हंसले ठाउँ छोड्यो । कुबेर डराउँदै भन्न थाले, “अब त भण्डारमा सबै थोक सकियो, एक छिन पर्खनुहोस् । म बाहिरबाट मगाउँछु ।”

यो सुनेपछि गणेश झन् रिसाएर भन्न थाले, “तिम्रो भण्डारमा मलाई पेटभरि खुवाउने अन्नपात नभए किन डाक्यौ त ? मलाई त ज्यादै भोक लागेको छ । तिमीलाई भए पनि खान्छु ।”

गणेशको यो कुरा सुनेपछि कुबेर डरले भाग्न थाले । कुबेर अघि अघि भाग्दै गए भने गणेश पछि पछि लखेट्दै गए । धेरै बेरको दौडादौडपछि कुबेर शङ्करलाई गुहार्न कैलाशमा पुगे ।





कुबेरलाई देखेपछि शङ्करले भने, "कुबेर ! तिमी किन यसरी आत्तिएका छौ ? के भयो ?"

कुबेरले हात जोड्दै भने, "प्रभु, मैले बिराएँ, मेरो ज्यान बचाउनुहोस् । मैले बित्थामा धनको घमन्ड गरेँ ।" शङ्करले गणेशलाई पनि सोधे, "गणेश, कुबेरलाई किन लखेटेको ?" गणेशले भने, "कुबेरले मलाई निम्तो दिएर पेटभरि खान दिएनन्, । यिनले मेरो अपमान गरे । त्यसैले यिनलाई लखेटेको हुँ ।"

"पेटभरि खान पाइएन भन्दैमा कुबेर जस्तो धनीलाई लखेट्नु हुन्छ त ! धनीको त मान पो गर्नुपर्छ त ! कुबेरलाई नलखेट । तिमी भित्र जाऊ र आमासित मागेर पेटभरि खाऊ ।" शङ्करले गणेशलाई सम्झाएर भित्र पठाए । अब भने कुबेरलाई आफूमा घमन्ड चढेको थाहा भयो ।

कुबेर घमन्ड नगर्ने प्रतिज्ञा गरी त्यहाँबाट फर्के ।

## अभ्यास

१. **सुन र भन :**

२. **घमन्ड, ऋषि, भुँडी, गाँस, तरकारी, भण्डार**

३. **'धनको घमन्ड' कथा पालैपालो पढेर सुनाऊ ।**

४. **सच्याएर कापीमा सार :**

गनेस, मउका, रिसी, सङ्खर, घमण्ड, प्रतीग्या

शब्द र अर्थको जोडा मिलाऊ :

| शब्द | अर्थ |
|---|---|
| आयोजना | आदर |
| ठाँटबाँट | चेतना, प्राण |
| सम्मान | अन्न आदि जम्मा गरी राख्ने ठाउँ |
| भण्डार | सान |
| हंस | बन्दोबस्त, प्रबन्ध |
| घमन्ड | बाचा, कबुल, अठोट |
| प्रतिज्ञा | तुजुक, सेखी |

५. **उत्तर भन :**

(क) देवतामा सबैभन्दा धनी को थिए ?

(ख) गणेश केको खोजीमा थिए ?

(ग) कुबेरले गणेशलाई भण्डारमा किन लगे ?

(घ) गणेशले किन कुबेरलाई खान खोजे ?

(ङ) गणेशले शङ्करसँग के भने ?

६. **पढ र लेख :**

कहिलेकाहीँ, दुर्वासा, सिध्याउन, कुर्लन, रित्तो, दौडादौड, शङ्कर

## ७. अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर :

खाँचो, मौका, निम्तो, आश्चर्य, अन्नपात, प्रतिज्ञा

## ८. तलका भनाइलाई क्रम मिलाई लेख :

(क) तिमी भित्र जाऊ र आमासित मागेर पेटभरि खाऊ ।
(ख) बिस्तारै कुबेरलाई धनको घमन्ड चढ्दै गयो ।
(ग) गणेशलाई खानेकुरा थप्दाथप्दै पकाएका सबै खानेकुराहरू सकिए ।
(घ) मैले बित्थामा धनको घमन्ड गरेँ ।
(ङ) अब त भण्डारमा सबै थोक सकियो, एक छिन पर्खनुहोस् ।

## ९. उत्तर लेख :

(क) कुबेरलाई कुन कुराको घमन्ड थियो ?
(ख) गणेश किन कुबेरकहाँ गएका हुन् ?
(ग) गणेशले कुबेरकहाँ गई के के गरे ?
(घ) कुबेर भाग्नुको कारण के हो ?
(ङ) कुबेरले के प्रतिज्ञा गरे ?

## १०. तलको भनाइ पढ र त्यसबाट तिमीले बुझेका कुरा लेख :

मैले बित्थामा धनको घमन्ड गरेँ ।

## ११. उदाहरण हेरी वाक्य बदल :

**उदाहरण :** कुबेरले मदत गरे ।
कुबेर मदत गर्छन् ।

(क) कुबेरले भोजको आयोजना गरे ।
(ख) गणेशले सबै खानेकुरा सिध्याए ।
(ग) शङ्करले गणेशलाई भित्र पठाए ।
(घ) कुबेर कैलाशबाट फर्के ।
(ङ) मैले बित्थामा धनको घमन्ड गरेँ ।

## १२. तिमीले जानेको एउटा कथा भन ।

# ३

# बचत गर्ने बानी




बचत गर्नु असल बानी हो । बचत गर्नाले सबैको हित हुन्छ । यसले हामीलाई जीवनमा सफल बनाउँछ । त्यसैले हामीले पैसा विचार गरेर खर्च गर्नुपर्छ ।

समाजका सबै मानिसले बचत गर्न सक्दैनन् । धनी मानिसले बढी बचत गर्न सक्छन् । धनी मानिसहरूसँग धेरै धन सम्पत्ति हुन्छ तर यस्ता मानिसहरूको सङ्ख्या थोरै छ । धेरैजसो मानिस गरिब छन् । उनीहरू पैसा बचत गर्न सक्दैनन् । उनीहरूलाई छाक टार्न धौधौ पर्छ । तर उनीहरूका लागि पनि बचत गर्नु आवश्यक छ ।

पैसा खर्च गर्दा बडो होस पुऱ्याउनुपर्छ । आफूले कमाएजति सबै खर्च गरेमा भविष्यमा दुःख हुन सक्छ । आफू अशक्त, बिरामी र कमाउन नसक्ने भएको अवस्थामा बचत गरेको रकम काममा आउँछ ।

केही मानिसहरूमा सोच विचारबिना नै पैसा खर्च गर्ने बानी हुन्छ । उनीहरू चाडपर्व, बिहे, व्रतबन्ध जस्ता कार्यमा फजुल खर्च गर्छन् । अरूलाई देखाउन

बिनासित्तिमा बढी पैसा खर्च गर्छन् । यो राम्रो बानी होइन । पैसा बढी खर्च गरेर मात्र चाडपर्व र व्यावहारिक कार्य सम्पन्न हुने होइन । यसका लागि त श्रद्धा हुनुपर्छ । आफ्नो अवस्था हेरेर चाडपर्व मनाउनुपर्छ । बिहे, व्रतबन्ध र अन्य चाडबाडमा पनि बढी खर्च गर्नु हुँदैन ।

हामीले दसैँमा मान्यजनबाट पाउने आशीर्वाद किनेर पाइँदैन । तिहारमा दिदीबहिनीले गरेका दीर्घायुको कामना मोल तिरेर पाइन्न । त्यस्तै इद, क्रिसमस, ल्होसार र फागुको रमाइलो पसलमा बेचिँदैन । तसर्थ चाडपर्व फजुल खर्च गरेर होइन, सद्भावले मनाउनुपर्छ ।

पैसा बचत गर्ने बानी भयो भने धेरै कुरामा फाइदा हुन्छ । आफ्ना नातेदार, इष्टमित्रलाई खाँचो परेका बेला मदत गर्न सकिन्छ । सबभन्दा ठुलो कुरा साहुसँग ऋण काढ्नु पर्दैन । साहुको ऋण तिर्न नसकेर कति मानिसको बिल्लीबाठ पनि भएको छ ।

पैसा सजिलैसँग कमाउन सकिँदैन । यसका लागि कडा परिश्रम गर्नुपर्छ । कठिन परिश्रम गरी कमाएको सम्पत्तिलाई जोगाउनुपर्छ । पैसा जोगाउनु नै बचत गर्नु हो । पैसा उचित काममा खर्च गर्नुपर्छ । आफूलाई नभई नहुने वस्तु मात्र किन्नुपर्छ । बजारमा जे देख्यो अथवा अरू साथीको जे देख्यो, त्यही किन्नुपर्छ भन्ने भावना हटाउनुपर्छ । सकभर यस महिनामा यति खर्च गर्ने र यति जोगाउने भन्ने योजना गरे झन् राम्रो हुन्छ । यसो गरेमा बचत गर्न सकिन्छ ।

बचत गर्ने कुरा पैसामा मात्र लागु हुँदैन । समयको बचत, ऊर्जाको बचत आदि विभिन्न कुरामा लागु हुन सक्छ । समयको बचत गर्नु भनेको समयको सदुपयोग गर्नु हो । त्यस्तै ऊर्जाको बचत गर्नु भनेको ऊर्जाको उपयोग गर्नु हो ।

कैयौँ मानिसले बचत गरेको रकमबाट असल काम गरेका छन् । कतिले पाटी, धारा, पुस्तकालय, विद्यालय आदि खोल्न मदत गरेका छन् । हामी पनि पैसा बचत गरेर असल काममा लगाउन सक्छौँ । असल काम गर्ने मानिसलाई सबैले आदर गर्छन् । बचत गरेको सम्पत्तिले असल काम गर्न सके मानिस अमर बन्छ । समाजमा मान मर्यादा बढ्छ । यसैले सानैदेखि बचत गर्ने बानी बसाल्नुपर्छ ।

## अभ्यास

१. **सुन र भन :**

धौधौ, श्रद्धा, फजुल, बैङ्क, ऋण, परिश्रम, खर्च, अशक्त, व्रतबन्ध

२. **सच्याएर कापीमा सार :**

वचत, संख्या, पुर्‍याउनुपर्छ, चाडप्रव, व्रत बन्ध

३. **तलको अंश शुद्धसँग पढेर कक्षामा सुनाऊ :**

केही मानिसहरूमा सोच विचारबिना नै पैसा खर्च गर्ने बानी हुन्छ । उनीहरू चाडपर्व, बिहे, व्रतबन्ध जस्ता कार्यमा फजुल खर्च गर्छन् । अरूलाई देखाउन बिनासितित्तिमा बढी पैसा खर्च गर्छन् । यो राम्रो बानी होइन । पैसा बढी खर्च गरेर मात्र चाडपर्व र व्यावहारिक कार्य सम्पन्न हुने होइन । यसका लागि त चाडपर्वप्रति वास्तविक श्रद्धा हुनुपर्छ । आफ्नो अवस्था हेरेर चाडपर्व मनाउनुपर्छ । बिहे, व्रतबन्ध र अन्य चाडबाडमा बढी खर्च गर्नु हुँदैन ।

४. **शब्द र अर्थको जोडा मिलाऊ :**

| शब्द | अर्थ |
| --- | --- |
| अशक्त | आदर |
| श्रद्धा | बेकामको खर्च |
| मान्यजन | बिजोग |
| दीर्घायु | कमजोर |
| फजुल खर्च | ब्याज कबोल गरेर लिइने धन |
| सद्भाव | इन्धन |
| ऋण | लामो आयु |
| बिल्लीबाठ | असल भावना |
| ऊर्जा | मान्नुपर्ने व्यक्ति |

## ५. उत्तर भन :

(क) बचत गर्नु कस्तो बानी हो ?

(ख) कस्ता मानिसको सङ्ख्या थोरै हुन्छ ?

(ग) के नगरेमा भविष्यमा दुःख हुन सक्छ ?

(घ) कस्ता वस्तु मात्र किन्नुपर्छ ?

(ङ) बचत गरेको रकमबाट मानिसहरू के गर्छन् ?

## ६. उत्तर लेख :

(क) हामीले पैसा किन विचार गरेर खर्च गर्नुपर्छ ?

(ख) गरिबहरू किन पैसा बचत गर्न सक्तैनन् ?

(ग) चाडपर्व मनाउँदा कुन कुरामा ध्यान दिनु बेस हुन्छ ?

(घ) पाठअनुसार कुन कुन कुरा किन्न पाइँदैन ?

(ङ) बचत गर्ने कुरा के केमा लागु हुन्छ ?

(च) बचत गरेको धन केमा लगाउन सकिन्छ ?

## ७. तलका वाक्य पढ र त्यसबाट तिमीले बुझेका कुरा लेखी शिक्षकलाई देखाऊ :

(क) चाडपर्व फजुल खर्च गरेर होइन, सद्भावले मनाउनुपर्छ ।

(ख) हामी पनि पैसा बचत गरेर असल काममा लगाउन सक्छौँ ।

## ८. सुहाउँदो शब्द छानी खाली ठाउँ भर :

(क) --------- लाई दुई छाक खान धौधौ पर्छ । (गरिब, धनी, भूमिपति)

(ख) --------- सँग प्रशस्त सम्पत्ति हुन्छ । (गरिब, धनी, मजदुर)

(ग) --------- मा खाता खोली पैसा जम्मा गरिन्छ ।

(स्वास्थ्य चौकी, प्रहरी चौकी, बैङ्क)

(घ) आफूभन्दा सानालाई ------- दिइन्छ । (गाली, सम्मान, आशीर्वाद)

(ङ) --------- सद्भाव र उमङ्गले मनाइन्छ । (चाडपर्व, रोपाइँ, बसाइँसराइ)

९. तलको अनुच्छेद शुद्धसँग सारेर शिक्षकलाई देखाऊ :

कैयौँ मानिसले बचत गरेको रकमबाट असल काम गरेका छन् । कतिले पाटी, धारा, पुस्तकालय, विद्यालय आदि खोल्न मदत गरेका छन् । हामी पनि पैसा बचत गरेर असल काममा लगाउन सक्छौँ । असल काम गर्ने मानिसलाई सबैले आदर गर्छन् । बचत गरेको सम्पत्तिले असल काम गर्न सके मानिस अमर बन्छ । समाजमा मान मर्यादा बढ्छ । यसैले सानैदेखि बचत गर्ने बानी बसाल्नुपर्छ ।

१०. उदाहरण हेरी तलका वाक्यको ढाँचा परिवर्तन गर :

उदाहरण :उनीहरूलाई छाक टार्न धौधौ पर्छ ।
उनीहरूलाई छाक टार्न धौधौ पर्दैन ।

(क) मसँग पैसा छ ।
(ख) सुवर्ण गुरुमा नेपाली पढाउनुहुन्छ ।
(ग) राजन भाइ राम्ररी पढ्छ ।
(घ) सिर्जना लोकगीत गाउँछिन् ।
(ङ) मनकला कक्षामा प्रथम हुन्छिन् ।

११. तिमीले आफ्नो छिमेकमा फजुल खर्च गर्ने मानिस देखेका हौला तिनलाई फजुल खर्चबाट हुने हानिबारे सम्झाउनुपरे के के सल्लाह दिन्छौ, पाँच वाक्य लेख ।

१२ मानिसहरू खानेकुरा पनि फाल्ने गर्छन् । यस्ता मानिसलाई खानेकुरा बचत गर्नुपर्छ भनी सल्लाह दिनुपरे तिमी कसरी सम्झाउँछौ,लेखेर शिक्षकलाई देखाऊ ।

४

# नौलाख तारा

- दैवज्ञराज न्यौपाने



चम्क न चम्क नौलाख तारा
आकाशभरि होइदेऊ
आँगनबिच निस्केर हेर्छौं
बादल छाया छोइदेऊ ।



जुनको देश डाक हे ! तिमी
जुनेली राम्रो छायामा
शीतका आँसु पोखेर हेर्छौं
पग्लेर हाम्रै मायामा ।



चम्क न चम्क नौलाख तारा
आकाश सारा भर्नलाई
धरती हाम्रो सिँगारी छोड्छौं
सपनी पूरा गर्नलाई ।



झिलमिल ज्योति छर हे ! तिमी
हिमाल वारिपारिका
फूलका थुँगा कोसेली दिन्छौं
तिमीलाई हाम्रो बारीका ।



चम्क न चम्क नौलाख तारा
आकाश सिङ्गै भरिदेऊ
धरती हाम्रो उज्यालो पार्छौं
किरण नौला छरिदेऊ ।

## अभ्यास

१. **शिक्षकले 'नौलाख तारा' लयमा गाएको सुन र त्यसैअनुसार गाएर साथीलाई पनि सुनाऊ ।**

२. **तलका शब्द प्रस्टसँग उच्चारण गर :**

आँगन, छाया, आकाश, उज्यालो, किरण

३. **सच्याएर कापीमा सार :**

कीरण, धर्ति, कोषेलि, तीमि, जोती, देस

४. **शब्द र अर्थको जोडा मिलाऊ :**

| शब्द | अर्थ |
|---|---|
| शीत | सौगात |
| धरती | सपना |
| सपनी | पृथ्वी |
| थुँगा | सिङ्गो फूल |
| कोसेली | नयाँ |
| किरण | ओस |
| नौला | प्रकाश |

५. **कविताका पङ्क्ति पूरा गर :**

(क) ________ ________ ________ ________

आकाशभरि होइदेऊ

________ ________ ________ ________

बादल छाया छोइदेऊ ।

(ख) झिलमिल ज्योति छर हे ! तिमी

________ ________ ________ ________

फूलका थुँगा कोसेली दिन्छौँ

________ ________ ________ ________

## ६. तलका शब्दलाई वाक्यमा प्रयोग गर :

| | | | | |
|---|---|---|---|---|
| चम्क | तारा | नौलाख | आकाश | देश |
| आँसु | पूरा | हिमाल | फूल | उज्याला |

## ७. उत्तर देऊ :

(क) कवितामा के केको वर्णन छ ?
(ख) तारालाई किन नौलाख भनिन्छ ?
(ग) जुनको देश कुन ठाउँलाई भनिन्छ ?
(घ) तारालाई किन चम्क भनेको हो ?
(ङ) के भए धरती उज्यालो हुन्छ ?
(च) धरती सिँगार्ने सपना कसको छ ?
(छ) कहाँको कोसेली कसलाई दिने हो ?

## ८. तलका वाक्यका उपयुक्त ठाउँमा दायाँतर्फका मिल्दा चिह्न देऊ :

(क) तारा कहिले कहाँ चम्कन्छन्
(ख) म भाइ र बा बाहिर बसेका थियौँ
(ग) आहा क्या राम्रो चन्द्रमा
(घ) रामले भन्यो आकाशमा तारा उदाए
(ङ) आकाशमा असङ्ख्य ताराहरू छन्

“ ”
,
?
।
□

## ९. तलका शब्द पढ र अर्थ बुझ :

शीत = ओस
सित = सँग

पारि = पल्लोतिर
पारी = पार्ने काम गरी

पट्टि = तर्फ
पट्टी = घाउमा बाँध्ने फित्ता

१०. तलका खाली ठाउँमा उपयुक्त शब्द भरेर कविता पूरा गर र पढेर सुनाऊ :

कागज काट्ने ------ त (छुरा, बन्चरो, खुकुरी)
------ गिँड्ने कैँची (मुला, मुढा, मूर्ति)
------ खेल्ने चैते बाँदर (आहाल, फुटबल, छुनुमुनु)
रुख ------ भैँसी (सुत्ने, दौडने, चढ्ने)
------ चुली पल्लोपट्टि (तराई, पहाड, हिमाल)
रुपीले ------ कोर्छ (कपाल, कागज, भित्ता)
फट्याङ्ग्राले हलो ------ (भाँच्छ, जोत्छ, पोत्छ)
झिँगो ------ फोर्छ (हल्ला, डल्ला, चल्ला)

११. 'नौलाख तारा' कविता कण्ठ पारेर सुनाऊ ।

१२. तलको कोठेपदबाट खोजेर लेख :

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| मु | जु | र | रा | मे | छा | प | सी |
| गु | म्ला | कु | लु | न्ज | सु | रे | ता |
| रा | इ | ढु | का | ग | मा | वा | पा |
| म | ट | वि | ठ | ल | इ | ला | म |
| पा | ह | रा | मा | पा | ब | ने | पा |
| ल्पा | री | ट | डौँ | ने | जा | मा | कु |
| ली | न | व | ल | प | रा | सी | खु |
| भ | र | त | पु | र | पो | ख | रा |

१. चराका नाम :

२. सहरका नाम :

३. जिल्लाका नाम :

# ५ नीमको पात

"तिमीले किन सबै बिरुवाहरू उखेलेर फ्याँक्यौ ?"

"सानै छँदा त यस बिरुवाको पात यस्तो तितो छ, ठुलो भएपछि त यसमा विष पो फल्ने हो कि ! त्यसैले अहिले नै उखेलेर फ्याँकेको हुँ ।"

यदि तिमीलाई पनि मानिसहरूले बिरुवालाई जस्तै व्यवहार गरे भने त्यसको परिणाम के होला, भन त ।"

माथिको संवाद एउटा कथाबाट लिइएको हो । कथाको विषय वस्तु धेरै अघिको हो । कथा यस्तो छ :



एक जना राजकुमार ज्यादै उद्दण्ड र घमन्डी थिए । उनी आफूभन्दा ठुलाको अपमान गर्दा रमाइलो मान्थे । राजकुमारको यस्तो बानीले सबैलाई चिन्तित पारेको थियो । राजकुमारको उपद्रवदेखि सबै हैरान भएका थिए । राजा स्वयम् पनि राजकुमारका चाल चलनदेखि जनताका सामु लज्जित थिए । उनी राजकुमारको दुर्व्यवहारबाट कसरी मुक्ति पाउन सकिन्छ भन्ने उपाय सोचिरहन्थे । उनले कैयौँ पटक राजकुमारलाई नसम्झाएको पनि होइन तर राजकुमारमा सुधार भएन । राजकुमारको चाला सुध्रिने छाँट पनि देखिएन । राजालाई यही कुराको चिन्ताले सतायो ।

राजाको चिन्ताको कारण बुद्धको कानमा पऱ्यो । राजालाई पिर परेको ठानी बुद्धले उनलाई डाक्न पठाए । राजाले पनि बुद्धलाई भेटी राजकुमारको सबै वृत्तान्त सुनाए । उनी राजकुमारको दुर्व्यहारबारे सुन्न नपरोस् भन्ने चाहन्थे । राजाले बुद्धसँग बिन्ती गरे, "यो समस्या कसरी समाधान होला, म त सारै चिन्तित भइसकेँ । बुद्धले सान्त्वना दिँदै भने, "दु:खी नहोऊ राजन् ! राजकुमार अवश्य पनि सुध्रिन्छन् । बरु उनलाई मकहाँ पठाऊ ।"

राजा खुसी हुँदै दरबारतिर फर्किए । उनले चिन्ताबाट मुक्ति पाइने भयो भन्ने ठाने । उनले राजकुमारलाई बुद्धको सन्देश पनि सुनाए । बुद्धको सन्देश भने राजकुमारले स्वीकार गरे ।

भोलिपल्ट नै राजकुमार बुद्धका अगाडि उभिए । बुद्धले पनि नीमका बिरुवाका केही पातहरू टिपेर ल्याऊ भनी उनलाई आदेश दिए । उनले पनि तुरुन्तै पातहरू टिपेर ल्याए । यसपछि बुद्धले भने, "राजकुमार, तिमी ज्यादै आज्ञाकारी रहेछौ, अब तिमीले ल्याएका पातहरू चपाऊ त ।" राजकुमारले पातहरू मुखमा हाले । उनी पात चपाउन थाले । एकै छिनपछि उनले मुख बिगारे । उनले पातहरू चपाउन नसकी थुके । राजकुमारलाई निमका पातहरूको स्वाद थाहै थिएन । तिताले गर्दा उनी एक छिन रन्थनिए । उनलाई बेस्सरी रिस उठ्यो । आफ्नो रिस नियन्त्रण गर्न नसकी उनी सबै नीमका बिरुवा उखेलेर फ्याँक्न थाले । आफूले देखे जति नीमका बिरुवाहरू उखेलेर उनी बुद्धका सामु उभिए ।



बुद्धले राजकुमारसँग सोधे, "तिमीले किन नीमका सबै बिरुवाहरू उखेलेर

फ्याँकेको ?" राजकुमारले जवाफ दिए, "सुन्नुहोस्, सानै छँदा त यस बिरुवाको पात यति तितो छ, ठूलो भएपछि त यसमा विष पो फल्ने हो कि ! त्यसैले अहिले नै उखेलेर फ्याँकेको हुँ ।"

राजकुमारको उत्तर सुनेपछि बुद्धले भने, "राजकुमार, तिमी पनि अहिले नीमका यी बिरुवा जस्तै साना छौ । तिमी मानिसहरूसँग तितो र मन नपर्ने व्यवहार गर्छौ । यदि मानिसहरूले तिमीले बिरुवालाई गरे जस्तै व्यवहार गरे भने त्यसको परिणाम के होला ? भन त ।"

यी कुरा सुनेपछि राजकुमार छाँगाबाट खसे जस्ता भए । उनलाई आफूले ज्यादै नराम्रो काम गरेको रहेछु भन्ने लाग्यो । उनलाई आफ्नो भुलको पछुतो भयो । पछि उनको बानीबेहोरा असल हुँदै गयो । अनि उनी सबै मानिसहरूका मन पर्ने पनि भए ।



## अभ्यास

१. **सुन र भन :**

परिणाम, उद्धण्ड, सुध्रनु, बुद्ध, सताउनु, दुर्व्यवहार, वृत्तान्त, उपद्रव

२. **'नीमको पात' कथा पालैपालो पढेर सुनाऊ ।**

३. **सच्याएर कापीमा सार :**

फ्याक्यौ, राज कुमार, चिनतित, ब्रितान्त, बुद्द

४. **पढ र लेख :**

सानै छँदा त यस बिरुवाको पात यति तितो छ, ठुलो भएपछि त यसमा विष पो फल्ने हो कि ! त्यसैले अहिले नै उखेलेर फ्याँकेको हुँ ।

५. **शब्द र अर्थको जोडा मिलाऊ :**

| शब्द | अर्थ |
|---|---|
| विष | बानीबेहोरा |
| परिणाम | जहर |
| उद्दण्ड | ठुलो हुँ भन्ने |
| घमन्डी | कडा स्वभावको |
| चिन्तित | नराम्रो व्यवहार |
| उपद्रव | दु:खित |
| लज्जित | उपद्रो |
| दुर्व्यवहार | नतिजा, फल |
| चाला | भनेको मान्ने |
| दण्ड | खबर |
| वृत्तान्त | बयान |
| सान्त्वना | सजाय |
| मुक्ति | छुटकारा |
| सन्देश | सम्झाउने काम |
| आज्ञाकारी | लाजमर्दो |
| नियन्त्रण | अधीन |

## ६. उत्तर भन :

(क) यो कथा कहिलेको हो ?

(ख) राजा किन जनताका सामु लज्जित थिए ?

(ग) राजाले बुद्धलाई के कुरा सुनाए ?

(घ) बुद्धले राजकुमारलाई के गर्न लगाए ?

(ङ) राजकुमारले किन मुख बिगारे ?

## ७. तालिकाबाट वाक्य बनाऊ :

| | | | | | |
|---|---|---|---|---|---|
| राजकुमारको | बानी बेहोरा<br>उपद्रव<br>दुर्व्यवहार<br>चाल चलन | दिक्क<br>बाट<br>हैरान | सबै | वाक्क | भएका थिए । |

## ८. वाक्यमा प्रयोग गर :

हैरान, चिन्ता, नीम, राजा, छाँगो, बिरुवा, पछुतो, भुल

## ९. उत्तर लेख :

(क) राजकुमारको स्वभाव कस्तो थियो ?

(ख) कुन कुराले राजा चिन्तित थिए ?

(ग) किन बुद्धले राजकुमारलाई डाके ?

(घ) कसरी राजकुमारको बानीबेहोरा परिवर्तन भयो ?

(ङ) राजकुमारले नीमका बिरुवाहरू किन उखेलेर फाले ?

(च) यस कथाबाट तिमीले के सिक्यौ ?

## १०. पढ, बुझ र लेख :

यदि मानिसहरूले तिमीले बिरुवालाई गरे जस्तै व्यवहार गरे भने त्यसको परिणाम के होला ?

## ११. कथा पढ र भनाइलाई क्रम मिलाई लेख :

(क) राजकुमार बिरुवा उखेलेर बुद्धका सामु उभिए ।

(ख) राजकुमारले रिस नियन्त्रण गर्न नसकी नीमका बिरुवाहरू उखेलेर फाले ।

(ग) राजकुमारले नीमका पात चपाउन नसकी थुके ।

(घ) राजाले राजकुमारलाई बुद्धकहाँ पठाए ।

(ङ) राजकुमार सबैका मन पर्ने भए ।

## १२. तिमीले जानेको एउटा कथा लेखी कक्षामा सुनाऊ ।

## १३. तलका गाउँखाने कथा पढ र तिनको उत्तर खोज :

(क) हात्ती छिऱ्यो पुच्छर अड्क्यो, के हो ?

(ख) नौतले घरको झ्याल न ढोका, के हो ?

(ग) किन्नेले लाउन नपाउने, लाउनेले देख्न नपाउने, के हो ?

(घ) धार्नी न बिसौली दुई हातले उचाली, के हो ?

(ङ) हुन पनि हो, छन पनि छ, खोज्दा पनि पाइँदैन, चाहिँदा पनि चाहिँदैन, के हो ?

(च) हिँड्दै छ पाइला मेट्दै छ, के हो ?

(छ) पुड्के बाहुनको सुर्के चन्दन, के हो ?

(ज) रङ हुन्छ रातो यसको, रूप चाहिँ धुलो, पूजाआजा गर्दाखेरि काम दिन्छ ठुलो, के हो ?

(झ) हरियो रङको डल्ले दाइको पेटभरि दाना, आँखा तिखा पार्नुपर्छ खाएर यो खाना, के हो ?

उत्तर :
बाँस, टोपी, डुङ्गा, मास, भूकम्प, सियो धागो, कात्रो, अबिर, खुर्सानी

## १५. पाँच ओटा गाउँखाने कथा खोजेर कक्षामा सुनाऊ ।

शिक्षक साथी ! विद्यार्थीहरूलाई उनीहरूले जानेका गाउँखाने कथा भन्न लगाएर प्रतियोगितात्मक अभ्यास गराउनुहोस् र राम्रो गर्नेलाई स्याबासी दिनुहोस् ।

## १६. उदाहरणमा दिइए जस्तै वाक्यहरूको ढाँचा परिवर्तन गर :

उदाहरण : केटो नेपाली पढ्छ ।

केटी नेपाली पढ्छे ।

(क) भाइ घाँस काट्छ ।

(ख) बहिनी विद्यालय जान्छे ।

(ग) ऊ घर जान्छ ।

(घ) छोरो गाई चराउँछ ।

(ङ) त गीत गाउँछेस् ।

(च) तँ पाठ पढ्छस् ।

(छ) ऊ कम्प्युटर सिक्छे ।

(ज) छोरी पढ्छे ।

## १७. तलको चित्र हेरी पाँच वाक्यमा वर्णन गर :




# ६ बाग्मती नदी

म बाग्मती नदी हुँ । नेपालमा म जस्ता थुप्रै नदी छन् । अरू नदीलाई ठिकै होला तर मलाई धेरै समस्या छ । त्यसैले आज म तिमीहरूलाई मेरो कथा सुनाउँदै छु । मेरो जन्म काठमाडौँको शिवपुरी डाँडामा भयो । म त्यही डाँडाको कुनाकाप्चाबाट उफ्रिँदै, खेल्दै ठुली भएँ । म त्यही डाँडाबाट सुन्दरीजल, गोकर्ण, पशुपति हुँदै चोभार पुग्छु । त्यहाँबाट बग्दै तराईसम्म पुग्छु ।

म पुगेको ठाउँमा मानिसहरूले मलाई बडो आदर गरेका छन् । मानिसहरू मेरो पूजा गर्छन् । मेरो जलमा नुहाउन पाउँदा तीर्थयात्रीहरू धेरै पुण्य कमाएको अनुभव गर्छन् । मेरो जल देउतालाई चढाए धेरै धर्म हुन्छ भन्ने विश्वास गर्छन् । मेरो किनारमा धेरै मन्दिरहरू बनेका छन् । प्रसिद्ध पशुपतिनाथको मन्दिर मेरै किनारमा छ । त्यस्तै गोकर्ण, गुह्येश्वरी, शङ्खमूल, पचली, टेकु आदि तीर्थस्थलहरू मेरै किनारमा छन् । मैले आफ्ना किनारका खेतबारीलाई सधैँ रसिलो पारेको छु । मेरा छेउछाउका जङ्गललाई हरियाली दिन मदत गरेको छु । मेरो पानीमा माछा, हाँस र बकुल्लाहरू रमाइलो गर्छन्।



मानिसहरू मेरो किनारमा बनेका घाटहरूमा आई श्राद्ध पनि गर्छन् । यस्ता घाटहरूमा पशुपतिको आर्यघाट प्रसिद्ध छ । किसानहरू मलाई खेतबारीमा लगी सिँचाइ गर्छन् ।



मानिसहरूले काठमाडौँको सुन्दरीजलबाट मलाई खानेपानीका रूपमा घर घरमा पुऱ्याएका छन् । धेरैजसो उद्योगहरूले मबाटै पानी लिएका छन् ।

सुरुसुरुमा म एक्लै बगेको छु । काठमाडौँको टेकु पुगेपछि मसँग विष्णुमती नदी पनि मिसिन्छ । त्यसपछि म झन् ठुलो आकारको हुन्छु ।

मानिसहरूले ममाथि ओहोरदोहोर गर्न पुल पनि बनाएका छन् । थापाथली, बल्खु र सर्लाही जिल्लाको पुल चाहिँ मुख्य हुन् ।



म सबैलाई समान व्यवहार गर्छु । मेरा लागि साना ठुला, धनी गरिब र दुर्जन सज्जन सबै बराबर छन् । मेरो बगेको पानीमा कुनै भेदभाव छैन । मेरो पानीमा सबैको अधिकार छ ।

मेरो कथाभित्र एउटा व्यथा पनि छ । म पहिले जस्तो खुसी छैन । मलाई धेरै जनाले हेला गरेका छन् । मैले कसैको बिगार गरेको छैन तापनि सबै मलाई दुःख दिन्छन् । मेरो बगेको सफा पानीमा फोहोर ढल मिसाउँछन् । सहरभरिको फोहोर

मेरै छातीमा निसासिने गरी थुपार्छन् । जहाँतहीँ फोहोरका डङ्गुर खन्याएर जान्छन् । उद्योगहरूका फोहोर ममाथि नै थुपारेर जान्छन् । त्यसैले अचेल मान्छेहरू पहिले जस्तो मेरा नजिक आउँदैनन् । मेरो पानी छुन पनि घिनाउँछन् ।

मेरो निलो र सफा पानी लेदो भएको छ । मेरा किनारका रुखहरू पनि काटिएका छन् । मेरो बगरमा सयौँ गाडीहरू आएर बालुवा बोकी लान्छन् । अहिले मेरो किनार स्वच्छ, सफा र हरियो छैन । त्यहाँ त ठुल्ठुला घरहरू बनाइएका छन् ।

मैले मान्छेलाई खानेपानी दिएँ । काठमाडौँ उपत्यकालाई स्वच्छ र हरिलो भरिलो सहर बनाएँ । मन्दिरहरूका लागि पवित्र जल दिएँ । खेतीपाती, कारखाना र सबैलाई पानी दिएँ । यसको सट्टामा मैले हेला, अपमान र फोहोरको पुरस्कार मात्र पाएँ ।

भाइबहिनी हो ! मेरो कथा र व्यथा तिमीहरूले थाहा पायौ । अब म तिमीहरूसँग केही माग्छु । म जस्तै अरू नदी पनि फोहोर हुँदै छन् । तिमीहरूले तिनलाई रोक्ने छौ । नदीका किनारमा रुखहरू रोप्ने छौ । मेरो पानीमा फोहोर ढल मिसाउने छैनौ । फोहोरका डङ्गुर फाल्ने छैनौ । मलाई पहिले जस्तै स्वच्छ, सफा र निर्मल बनाउने छौ । म जस्तै अरू नदीलाई पनि तिमीहरूले नै स्वच्छ पार्ने छौ ।

## अभ्यास

### १. सुन र भन :

पुण्य, तीर्थस्थल, पर्यटक, डङ्गुर, तिरस्कार, बाग्मती, स्वच्छ

### २. सच्याएर कापीमा सार :

पशु पति, मनदिर, स्राद्ध, नदि, सिंचाई

### ३. शब्द र अर्थको जोडा मिलाऊ :

| शब्द | अर्थ |
|---|---|
| पुण्य | हरियोपन |
| तीर्थस्थल | खराब मान्छे |
| हरियाली | श्रद्धाले गरिने पितृ कार्य |
| श्राद्ध | अनादर |
| सिँचाइ | फोहोर बग्ने नाला |
| दुर्जन | पवित्र |
| ढल | रास |
| डङ्गुर | धार्मिक ठाउँ |
| अपमान | पहाडले घेरिएको ठाउँ |
| उपत्यका | स्वच्छ |
| निर्मल | पानी लाउने काम |

### ४. तलका शब्दहरूलाई वाक्यमा प्रयोग गर :

| | | | | |
|---|---|---|---|---|
| धेरै | थोरै | जति | अलिकति | कम्ती |
| कति | केही | प्रशस्त | थुप्रै | सारै |

### ५. उत्तर भन :

(क) बाग्मती नदीको जन्म कहाँ भएको हो ?

(ख) बाग्मतीमा रहेका मुख्य पुल के के हुन् ?

(ग) किसानहरू किन बाग्मतीको पानी लान्छन् ?

(घ) मान्छे किन बाग्मतीको छेउमा जाँदैनन् ?

(ङ) नदी सफा राख्न के गर्नुपर्छ ?

## ६. उत्तर लेख :

(क) बाग्मती नदी कुन कुन ठाउँबाट बगेको छ ?
(ख) बाग्मती नदीका किनारमा कुन कुन तीर्थस्थलहरू छन् ?
(ग) बाग्मती नदीबाट कुन कुन कुरामा मदत पुगेको छ ?
(घ) बाग्मती नदीको पिरमर्का के हो ?
(ङ) बाग्मती नदीले मागेका कुराहरू के के हुन् ?
(च) बाग्मती नदीलाई फेरि स्वच्छ पार्न के गर्नुपर्छ ?

## ७. कोष्ठकबाट मिल्ने शब्द छानी वाक्य पूरा गर :

(क) मलाई बालक........... बुढाबुढीसम्म मन पर्छ । (द्वारा, देखि, ले)
(ख) पानी ............ कारखानाबाट निस्केको फोहोर मिसाउनु हुँदैन ।
(मा, लागि, को)
(ग) तिमी कुन बस ............... चढ्छौ ? (देखि, बाट, मा)
(घ) तिम्रो विद्यालय ............ झ्यालमा रङ लगाइएको छ ? (को, लाई)
(ङ) तिमी मेरा ................ के गर्न सक्छौ ? (लागि, माथि, द्वारा)

## ८. उदाहरण हेरी तलका उत्तर आउने प्रश्न बनाऊ :

उदाहरण : तिम्रो नाम के हो ? मेरो नाम कृष्ण हो ।

| | | | |
|---|---|---|---|
| (क) | | (क) | मेरो घर जनकपुरमा छ । |
| (ख) | | (ख) | म चार कक्षामा पढ्छु । |
| (ग) | | (ग) | मेरा बुबाको नाम रामेश्वर यादव हो । |
| (घ) | | (घ) | जनकपुरमा जानकी मन्दिर छ । |
| (ङ) | | (ङ) | म जाडाको बिदामा घर जान्छु । |

## ९. तलका शब्दका आधारमा तिम्रो घर नजिकको नदी वा खोलाका बारेमा वर्णन गर :

नाम, मुहान, फाइदा, विनाश

## १०. तल नेपालका कोसी, गण्डकी र कर्णाली नदीका बारेमा छोटो परिचय दिइएको छ, पढ र सोधिएका प्रश्नका उत्तर देऊ :

### कोसी

कोसी नेपालको सबैभन्दा ठुलो नदी हो । यो नदी अरू सहायक नदीहरू मिलेर बनेको छ । सात ओटा नदीहरू मिलेर बनेको हुनाले यसलाई सप्तकोसी पनि भनिन्छ । सुनकोसी, तामाकोसी, दुधकोसी, इन्द्रावती, लिखु, अरुण र तमोर सप्तकोसीका सहायक नदी हुन् । यी नदीहरू बग्ने क्षेत्रलाई कोसी प्रदेश भनिन्छ ।

### गण्डकी

गण्डकी सात नदीहरू मिलेर बनेको छ । यी नदी बग्ने क्षेत्रलाई गण्डकी प्रदेश भनिन्छ । त्रिशूली, बुढीगण्डकी, कालीगण्डकी, मर्स्याङ्दी, मादी, सेती र दरौँदी सप्त गण्डकीका सहायक नदी हुन् ।

### कर्णाली

कर्णाली नेपालको सबैभन्दा लामो नदी हो । यो नदी पनि सात सहायक नदीहरू मिलेर बनेको छ । हुम्ला कर्णाली, मुगु कर्णाली, सानी भेरी, ठुली भेरी, तिला, बुढी गङ्गा र सेती यसका सहायक नदी हुन् । यी नदी बग्ने क्षेत्रलाई कर्णाली प्रदेश भनिन्छ ।

### (अ) उत्तर देऊ :

(क) नेपालको सबैभन्दा लामो नदी कुन हो ?

(ख) नेपालको सबैभन्दा ठुलो नदीको नाम के हो ?

(ग) कोसी नदीलाई किन सप्तकोसी भनिएको हो ?

(घ) गण्डकी प्रदेश भन्नाले के बुझ्नुपर्छ ?

(ङ) कर्णाली प्रदेश भन्नाले के बुझ्नुपर्छ ?

(च) कोसी प्रदेश भन्नाले के बुझ्नुपर्छ ?

(आ) तालिकामा सहायक नदीका नाम लेख :

| क्र.सं. | नदीका नाम | | |
|---|---|---|---|
| | कोसी | गण्डकी | कर्णाली |
| १ | | | |
| २ | | | |
| ३ | | | |
| ४ | | | |
| ५ | | | |
| ६ | | | |
| ७ | | | |

११. तल दिइएका खाली ठाउँमा उदाहरणमा दिइए जस्तै गरी लेख :

**उदाहरण:**
**मेरो पानीमा ढल ................. हुन्थ्यो । (मिसाउनु)**
**मेरो पानीमा ढल नमिसाए हुन्थ्यो ।**

(क) मेरो किनारका रुख ........... हुन्थ्यो । (काट्नु)
(ख) मेरो बगरबाट बालुवा ............ हुन्थ्यो । (झिक्नु)
(ग) मेरो पानीमा फोहोर ............... हुन्थ्यो । (फाल्नु)
(घ) मेरो घाटमा फोहोरका डङ्गुर ............. हुन्थ्यो । (थुपार्नु)
(ङ) मेरो पानीमा भैँसी आहाल ............. हुन्थ्यो । (बसाउनु)
(च) मोटर बेस्सरी .............. हुन्थ्यो । (हाँक्नु)

१२. तिमी बसेको ठाउँमा कुनै नदी नाला, मन्दिर आदि फोहोर भएका होलान् । बाग्मती नदीले आफ्नो पिर बताए जसरी नै तिनको वर्णन तयार पारेर शिक्षकलाई देखाऊ ।

१३. तिम्रो वरपरका मन्दिर, हाट बजार, मेला वा जात्रामा तिमीले देखेका राम्रा र नराम्रा कुराबारे कक्षामा छलफल गर ।

७

# बिहेको निम्तो

(शनिबारको दिन थियो । अञ्जनाका बाबुआमा बजारतिर गएका थिए । घरमा अञ्जना एक्लै थिइन् । रमेश त्यहाँ आए अनि अञ्जनासँग कुराकानी गर्न थाले ।)

**रमेश** - नानी, यो महेशजीको घर हो ?

**अञ्जना** - हो, के कामले सोध्नुभएको होला ?

**रमेश** - ए, ठिकै ठाउँमा पो आइएछ । म महेशजीको साथी रमेश, पल्लो गाउँबाट आएको हुँ ।

**अञ्जना** - नमस्कार काका ! म उहाँकी छोरी अञ्जना । माफ गर्नुहोस् है काका, मैले तपाईंलाई चिन्नै सकिनँ । बुबा बरोबर तपाईंको नाम लिइरहनुहुन्थ्यो ।



रमेश - कसरी चिन्नु त तिमीले ! म यता नआएको धेरै भयो । म आउँदा तिमी सारै सानी थियौ । अनि बुबा खोइ त ?

अञ्जना - बुबा बजारतिर जानुभएको छ । आइपुग्ने वेला भयो । काका यता बस्दै गरौँ न ।

रमेश - खुब तिर्खा लागेको छ । पानी खुवाऊ न ।

(अञ्जनाले एक अम्खोरा पानी ल्याइन् ।)



अञ्जना - लिनुहोस् काका पानी ।

रमेश - ल्याऊ त (पानी घटघट पिउँछन् ।) आहा ! क्या मज्जासँग पानी खाइयो । धन्यवाद छ है, नानी ।

अञ्जना - काकालाई पनि धन्यवाद, धेरै दिनपछि हामीलाई सम्झनुभयो ।

रमेश - तिमी कति कक्षामा पढ्छ्यौ नानी ?

अञ्जना - म चार कक्षामा पढ्छु ।

रमेश - तिम्रो स्कुल कुन हो ?

अञ्जना - जनता प्राथमिक विद्यालय ।

रमेश - छोरी, बाहिर कोही आए जस्तो छ, हेर त !

अञ्जना - बुबा आउनुभयो जस्तो छ ।

बुबा - ए, छोरी ! यो झोला भान्सामा लैजाऊ त ।

अञ्जना - हवस् बुबा, पल्लो गाउँबाट रमेश काका आउनुभएको छ ।

बुबा - रमेशजी आउनुभएको छ ? खै, कहाँ हुनुहुन्छ ?

अञ्जना - उता बस्नुभएको छ ।

बुबा - नमस्कार है ! रमेशजी !

रमेश - नमस्कार महेशजी ! तपाईंकी छोरी ज्यादै सुशील रहिछन् ।

महेश - हाम्री छोरीको सबैले प्रशंसा गर्छन् । व्यवहार पनि राम्रो छ । आफूभन्दा ठुलालाई सत्कार गर्नु, सानालाई माया गर्नु जस्ता कुरा भन्नै पर्दैन ।

रमेश - साँच्ची ! छोरी होस् त अञ्जना जस्ती !

महेश - अनि, धेरै वर्षपछि आउनुभयो त । हामीलाई त बिर्से जस्तो पो गर्नुभयो ।

रमेश - त्यसो त तपाईंले पनि त बिर्सनुभयो नि ! तपाईं पनि हाम्रातिर आउन छाड्नुभयो ।

महेश - के गर्ने, अब त पहिलाको जस्तो फुर्सद नै हुँदैन । तपाईं पनि त व्यस्त हुनुहुन्छ होला नि, कसो ?

रमेश - त्यही त भनेको । फुर्सद निकालेर तपाईंका घरतिर आउँछु भन्यो, मिल्दै मिल्दैन । अहिले त नभेटी नहुने भएर मात्रै आएको ।

महेश - के पर्‍यो त्यस्तो ?

रमेश - छोरीको बिहे गर्न लागेको ।



महेश - छोरीको ? कल्पनाको ? हैन कति वर्षकी भइन् हँ ?

रमेश - बाइस वर्षकी भइसकी नि, यसपालि बी.ए. पास गरिसकी । सानोतिनो जागिर पनि छ ।

महेश - ए ! ल, खुब राम्रो भयो । आफ्ना खुट्टामा उभिइछन् । केटो कस्तो छ, दाइजो खोज्ने हो कि ?

रमेश - केटो लायकको रहेछ । जाँड, रक्सी, चुरोट, सुर्ती आदि केही पनि नखाने रहेछ । खराब लत रहेनछ । कुनै पनि कुरालाई गहिरिएर विचार गरेपछि मात्रै काम गर्ने गर्दो रहेछ । पढाइ पनि राम्रै रहेछ ।

महेश - अनि दाइजो नि ?

रमेश - दाइजो केही पनि दिनु नपर्ने ! केटाको सबै परिवार दाइजोका विरोधी रहेछन् । सके आफैँले कमाउनुपर्छ, नसके आफूसँग जे छ, त्यसैमा सन्तोष गर्नुपर्छ । यसो भने केटाका बाबुले । झन् केटाले त मलाई केटीबाहेक केही दिनुपर्दैन भनी बाबुकै सामु भनिदिए । मलाई त सारै राम्रो लाग्यो, बुझ्नुभो महेशजी !

महेश - छोरीका लागि धेरै राम्रो घर भेट्टाउनुभएछ । बधाई छ रमेशजी !

रमेश - धन्यवाद महेशजी ! म त तपाईँलाई निमन्त्रणा दिन आएको हुँ । चुलैनिम्तो ! सबै जना आउनुपर्छ नि !

महेश - किन नआउनु ? अवश्य आउँछौँ ।

रमेश - ल त महेशजी, अहिले म जान्छु । अन्त पनि निम्तो गर्न जानुपर्छ । जाऊँ है ? नमस्कार ! ल त छोरी अञ्जना, जाऊँ है ?

अञ्जना - हवस् । नमस्ते काका !

रमेश - नमस्ते !

## अभ्यास

१. **शिक्षकले भनेको सुन र भन :**

सारै, तिर्खा, मज्जा, कक्षा, सत्कार, फुर्सद, सुर्ती, सन्तोष

२. **अञ्जना, रमेश र बुबा बनी माथिको पाठ पालैपालो पढेर सुनाऊ ।**

३. **सच्याएर कापीमा सार :**

पानि, विध्यालय, सुसिल, बर्ष, वदाइ

४. **शब्द र अर्थको जोडा मिलाऊ :**

| शब्द | अर्थ |
| --- | --- |
| बरोबर | सम्मान |
| अम्खोरा | एसएलसीपछि पाँच वर्षको पढाइ |
| सुशील | निम्तो |
| सत्कार | राम्रो, योग्य |
| व्यस्त | पटकपटक |
| बी.ए. | राम्रो बानी व्यवहार |
| दाइजो | बेफुर्सदी |
| लायक | सबै जहानलाई गरिने निम्तो |
| बधाई | दुलहीलाई दिइने चिजबिज |
| निमन्त्रणा | लोहोटा |
| चुलैनिम्तो | खुसी व्यक्त गरिने शब्द |

५. **उत्तर भन :**

(क) महेश र रमेशबिच के सम्बन्ध थियो ?

(ख) अञ्जना कसकी छोरी हुन् ?

(ग) कसको बिहे हुन लागेको छ ?

(घ) कल्पनाले कति पढेकी छन् ?

(ङ) चुलैनिम्तो भनेको के हो ?

६. **पढ र लेख :**

सारै, लायक, व्यस्त, धन्यवाद, हवस्, तिर्खा, शनिबार, पल्लो

७. **कोष्ठकबाट मिल्ने शब्द छानी वाक्य पूरा गर :**

(क) ए खोजेकै ठाउँमा पो ............ । ( आइएछ, पाइएछ, गाइएछ )

(ख) बुबा तपाईंको नाम ............ । ( लिइरहन्थ्यो, लिइरहनुहुन्थ्यो, लिइरहन्थे )

(ग) तिमीले त मलाई .................. । ( बिर्सिछस्, बिर्सेछ, बिर्सेछौ)

(घ) तँ कहिले ........................ हँ ? ( आयौ, आयो, आइस् )

(ङ) हामी राम्ररी .................. । ( पढ्दै छौ, पढ्दै छौँ, पढ्दै छु )

८. **तलका शब्दको उही अर्थ लाग्ने एक एक ओटा शब्द लेख :**

सूर्य, देश, घर, बाटो, हावा

९. **तालिकाबाट वाक्य बनाऊ :**

| | | | |
|---|---|---|---|
| तिमी<br>उनी | धेरै<br>सारै<br>निकै<br>खुब | सानी<br>ठुली | थियौ ।<br>थिइन् । |

१०. **तलका प्रश्नको उत्तर लेख :**

(क) अञ्जनाले रमेशलाई कसरी स्वागत गरिन् ?

(ख) सबैले अञ्जनाको सराहना किन गर्छन् ?

(ग) रमेश र महेशको बिचमा के विषयमा कुराकानी भयो ?

(घ) कल्पनाको बिहे किन सबैका लागि खुसीको विषय भयो ?

(ङ) रमेशकी छोरीसँग बिहे हुन लागेको केटो कस्तो रहेछ ?

११. **तलका शब्दलाई वाक्यमा प्रयोग गर :**

कुराकानी, अम्खोरा, भान्सा, सत्कार, फुर्सद, अचम्म, प्रशंसा, निमन्त्रणा, दाइजो, सन्तोष, घटघट

## ११. उदाहरण हेरी बाकसबाट छानेर तल दिएका शब्दको उही अर्थ दिने दुई दुई शब्द लेख :

बा, मान्छे, वेला, आमा, दह, डरछेरुवा, दुब्लो

बाबु, माता, कातर, समय, मानिस, कमजोर, निर्धो, मौका,पोखरी मुमा, तलाउ, मनुष्य, नामर्द, पिता

उदाहरण :

| शब्द | उही अर्थ दिने शब्द | |
|---|---|---|
| | शब्द १ | शब्द २ |
| बा | पिता | बाबु |

## १२. तलको कुराकानी पूरा गर :

डोल्मा : नमस्कार है दावा, हिजो किन स्कुल नआएको नि !

दावा : ------------------------------------------ ।

डोल्मा : कस्तो भयो त वनभोज ? मानिस कति थिए ?

दावा : ------------------------------------------ ।

डोल्मा : मलाई पनि सुनाएको भए म पनि जान्थेँ नि ! तर हिजो चाहिँ मेरो फुर्सद थिएन ।

दावा : के थियो हिजो तिम्रो घरमा ?

डोल्मा : ------------------------------------------ ।

दावा : कस्तो भयो त दाजुको बिहे ?

डोल्मा : ------------------------------------------ ।

दावा : म कक्षामा गएर खेल्न आउँछु है !

डोल्मा : ------------------------------------------ ।

शिक्षक साथी ! यसरी संवाद पूरा गर्ने अभ्यास गराउँदा विद्यार्थीलाई अँ, चाहिँ, नि जस्ता थेगो र नमस्ते, नमस्कार, हजुर, धन्यवाद, माफ गर्नुहोस्, क्षमा गर्नुहोला, कृपया, हवस् जस्ता शब्द/शब्दावली प्रयोग गर्न पनि सिकाउनुहोस् ।

१४. तिमीले बनाएको माथिको कुराकानी पढेर कक्षामा सुनाऊ ।

१५. तलको निमन्त्रणा पत्र पढ र प्रश्नको जवाफ लेख :

## निमन्त्रणा पत्र

श्रीमान्/श्रीमती/सुश्री ------------------------ का समीपमा

हाम्री आयुष्मती सुपुत्री कल्पना घिमिरेको विवाह सुदर्शन न्यौपानेका चिरञ्जीवी सुपुत्र श्याम न्यौपानेसँग हुने भएकाले उक्त अवसरमा यहाँको उपस्थिति प्रार्थनीय छ ।

विवाह कार्यक्रम
मिति २०६६।१।२५
समय : बिहान ९ बजे
स्थान : शान्तिनगर, झापा

प्रार्थी
महेश घिमिरे
राधिका घिमिरे

(क) कसको विवाह कोसँग हुँदै छ ?
(ख) छोरीका बाबुआमाको नाम के के हो ?
(ग) सुपुत्र र सुपुत्री भनेको के हो ?
(घ) विवाह कार्यक्रम कहिले हो ?
(ङ) चिरञ्जीवी, उपस्थिति, प्रार्थनीय र प्रार्थी शब्दको अर्थ के के हो ?

१६. माथिको निमन्त्रणा पत्र हेरी तिम्रो दाजु, दिदी वा गाउँका कसैका विवाहका लागि निमन्त्रणा पत्र तयार पार

# ८ दाजुभाइ र बुढाबा

गोपाल र विमल सानै छँदा उनीहरूका बुबाआमा बित्नुभयो । उनीहरूका नातागोता कोही थिएनन् । बुबाले छाडेर गएको सम्पत्ति खाँदाबस्दा सकिन लाग्यो । घरमा आम्दानी नभएपछि एकोहोरो खर्च कति दिनसम्म चल्थ्यो ! साहुको ऋणले पनि कतिन्जेल भरथेग हुन्थ्यो ! एक दिन त यिनीहरूले घर, खेतबारी आदि सबै साहुको जिम्मा लगाई गाउँ नै छाड्नुपऱ्यो ।



यी दाजुभाइ आफ्नो जीविका चलाउन कामको खोजीमा गाउँ गाउँ डुल्न थाले । यिनीहरूले भेटेजति सबै मानिससँग कामका लागि अनुरोध गरे । कसैबाट पनि काम पाउन सकेनन् तापनि यिनीहरूले काम पाइने आस भने छाडेनन् ।

कामको खोजीकै सिलसिलामा बाटामा एक जना भरियासँग यिनीहरूको भेट भयो । यिनीहरूले भरियासँग सोधिहाले, “दाइ, हामीलाई कुनै काम दिनुहुन्छ कि ? भरियाले निधारको नाम्लो हटाएर तोक्मामाथि ढाकर अड्याउँदै भन्यो, “भाइ, तिमीहरूले कहिल्यै ढाकर बोकेका छौ ?”

"अँहँ, हामीले कहिल्यै पनि ढाकर बोकेका छैनौँ ।" दुवै दाजुभाइले एकै स्वरमा भने । भरियाले फेरि उनीहरूतिर नै फर्केर भन्यो, "त्यसो भए तिमीलाई दिने मसँग कुनै काम छैन ।"

यति भनिसकेपछि भरिया आफ्नो बाटो लाग्यो । दाजुभाइ निराश हुँदै अर्को बाटो लागे । बाटामा अघि जस्तै एउटा गोठालो भेटियो । ऊ चौरमा गाईवस्तु चराउँदै थियो । यी दाजुभाइ गोठाला नजिक काम माग्न पुगिहाले । गोठालाले गाईभैँसी हेर्ने, स्याउला, घाँस बटुल्ने र भकारो सोहोर्ने काम आउँछ भनी सोध्यो । यिनीहरूले आफूलाई काम गर्न आउँदैन भने । गोठालाबाट पनि काम पाइएन । उनीहरू आफ्नो बाटो लागे ।



कामको खोजीमा भौँतारिँदा उनीहरू ज्यादै थाकिसकेका थिए । एक छिन आराम गर्नुपर्‍यो भनी उनीहरू एउटा रुखमुनि बसे । त्यही ठाउँमा एक जना बुढा मानिसले यी दाजुभाइको अनुहार हेर्दै भन्न थाले, "बाबु हो, तिमीहरू को हौ ? यसो हेर्दा त तिमीहरू बलिया र राम्रा छौ तापनि अँध्यारो अनुहार देख्छु ।"

बुढा मानिसको कुरा सुनेपछि गोपालले भन्यो, "बुढाबा मेरो नाम गोपाल हो । यो मेरो भाइ विमल हो । हामी काम खोज्दै हिँडेका हौँ । अहिलेसम्म कुनै काम पनि पाएनौँ । साँच्चै भनौँ भने हामीलाई कुनै काम गर्न पनि आउँदैन । त्यसैले हामी चिन्तित भएर बसेका हौँ ।"

यो सुनेपछि बुढाबाले भने, "ए, त्यति जाबो कुरामा किन चिन्ता लिने ! हिँड म तिमीहरूलाई मिल्ने काम दिन्छु । मसँग खेतबारी प्रशस्त छ तर मेरा कोही छैनन् । म तिमीहरूलाई छोरा जस्तै गरी राखौँला । तिमीहरूले खेतबारीमा काम गर्नू, खेतीपातीको काम म सिकाइदिउँला ।"



गोपाल र विमल काम पाइने भइयो भन्ने कुराले दङ्ङ परे । उनीहरू बुढाको घरमा गई खेतीपातीको काम गर्न तयार भए । बुढाले आफ्नो खेतबारी सबै देखाए । यी दाजुभाइले खेतीपातीका कामकुराहरू बिस्तारै सिक्दै गए । केही समयपछि खेतबारीमा प्रशस्त अन्न फल्यो । यो देखेर बुढा ज्यादै खुसी भए । दाजुभाइ पनि खुसीसाथ काम गर्न थाले ।

एक दिन बेलुकीपख बुढाले दुवै दाजुभाइलाई डाके । उनीहरू पनि के कारणले डाकिएको होला भन्दै बुढाका नजिक पुगे । बुढाले भने, "हेर बाबु हो, तिमीहरूदेखि म ज्यादै खुसी छु । तिमीहरूको मिहिनेतले खेतबारीमा अन्न दोब्बरै भएको छ । मैले तिमीहरूको नाममा बैङ्कमा खाता खा लिदिएको छु । तिमीहरू दुवैको नाममा बचत खाता छ । बैङ्कमा जम्मा गरेको भौचर र चेकबुक पनि यहीँ छ । पढ त, बैङ्कको भौचरमा के रहेछ ?"



गोपालले अचम्म मान्दै बुढाका हातबाट बैङ्क भौचर लियो र पढ्यो । बैङ्क भौचर पढेपछि गोपालले बुढातिर हेऱ्यो । बुढाले फेरि भन्न थाले, "तिम्रो खातामा पन्ध्र हजार रुपियाँ छ । यस रुपियाँले तिमी व्यापार गर्न सक्छौ या अन्त जग्गा किनी खेतीपाती पनि गर्न सक्छौ । यो चेकबुक राख । यसबाट तिमीहरूले परेका वेलामा पैसा झिक्न सक्छौ ।" यति भनेपछि बुढाले चेकबुक पनि दिए ।



बुढाले आफूप्रति गरेको माया सम्झी दुवै दाजुभाइका तर्फबाट आभार जनाउँदै विमलले भन्यो, "बा, तपाईंले दुःख परेका वेला मदत गर्नुभयो । हामीलाई छोरा जस्तै माया गर्नुभयो । हामी तपाईंको यो उपकार कहिल्यै बिर्सन्नौँ । हामी तपाईंलाई छाडेर पनि कहिल्यै जाँदैनौँ ।"



यिनीहरू कतै नजाऊन् भन्ने चाहना बुढाको पनि थियो । बुढाले भने, "तिमीहरू कतै जानुपर्दैन । तिमीहरू मसँगै बस । यो खेतबारी सबै तिमीहरूकै हो । मैले त तिमीहरूलाई जाँच्न पो यसो भनेको ।"

बुढाका आँखामा आँसु टिलपिलाए । त्यस दिनदेखि दुवै दाजुभाइ बुढाबासँगै आनन्दले बसे ।

## अभ्यास

१. **सुन र भन :**

नातागोता, घर, खेतबारी, तोक्मा, घाँस, थकित, अनुहार, बुढा

२. **'दाजुभाइ र बुढाबा' कथा पालैपालो पढेर सुनाऊ ।**

३. **सच्याएर सार :**

अनुरोद, भाई, बुढा बा, रुपैया, टिलपीलाय

४. **शब्द र अर्थको जोडा मिलाऊ :**

| शब्द | अर्थ |
|---|---|
| बित्नु | सरसहयोग |
| नातागोता | इष्टमित्र |
| भरथेग | मर्नु |
| जीविका चलाउनु | विनाकाम घुम्नु |
| अनुरोध | आग्रह, बिन्ती |
| तोक्मा | चोयाले बुनेको डोको जस्तै साधन |
| ढाकर | निर्वाह गर्नु |
| भकारो | बैङ्कबाट पैसा झिक्ने पत्र |
| भौँतारिनु | ढाकर अड्याउने लट्ठी |
| भौचर | बैङ्कमा रुपियाँ जम्मा गर्ने पत्र |
| चेकबुक | गाईवस्तुको मलमूत्र |
| आभार | धन्यवाद, कृतज्ञता |

५. **उत्तर भन :**

(क) दाजु र भाइको नाम के के थियो ?

(ख) भरियाले दाजुभाइलाई के भन्यो ?

(ग) भकारो सोर्न जान्दछौ भनेर कसले भन्यो ?

(घ) विमलले किन बुढालाई आभार व्यक्त गऱ्यो ?
(ङ) बुढाका आँखामा किन आँसु टिलपिलाए ?

## ६. वाक्यमा प्रयोग गर :

आम्दानी, ऋण, साहु, भरिया, गोठालो, भौचर, चेकबुक, बैङ्क

## ७. उत्तर लेख :

(क) दाजुभाइले किन गाउँ छाडेका हुन् ?
(ख) यिनीहरूले को कोसँग काम मागे ?
(ग) दाजुभाइ निराश हुनुको कारण के हो ?
(घ) बुढाले के काम गर्न सिकाए ?
(ङ) किन बुढाले दाजुभाइलाई आफैँसँग राखे ?

## ८. उदाहरणमा दिए जस्तै शब्दको रूप परिवर्तन गर :

| | | |
|---|---|---|
| लेख्छु | लेखेँ | लेख्ने छु |
| गर्छु | ------- | ------- |
| हुन्छु | ------- | ------- |
| खान्छु | ------- | ------- |
| आउँछ | ------- | ------- |
| गाउँछ | ------- | ------- |

## ९. तालिकाबाट वाक्य बनाऊ :

| | | | |
|---|---|---|---|
| तिमीहरू | किन | थकित<br>चिन्तित<br>व्यथित<br>लज्जित<br>हर्षित | छौ ? |

## १०. तलको उदाहरण हेरी वाक्य ढाँचामा परिवर्तन गर :

उदाहरण :
गीताले फुल (टिप्नु) माला उनिन् ।
गीताले फुल टिपी माला उनिन् ।
गीताले फुल टिपेर माला उनिन् ।

(क) म काम (सक्नु) फर्कन्छु ।
(ख) उनी घर (पुग्नु) आउँछन् ।
(ग) तिमी विद्यालयमा (पढ्नु) आऊ ।
(घ) घरमा बुबासँग (सोध्नु) जाऊ ।
(ङ) पसलबाट कापी (किन्नु) ल्याऊ ।

## ११. तलको चुट्किला पढ र तिमी पनि आफूले जानेका चुट्किला कक्षामा सुनाऊ :

भाग्योदय प्राथमिक विद्यालयमा पहिलो घन्टीमा नेपाली पढाउने शिक्षक पस्नुभयो र भन्नुभयो, "तिमीहरू सब बदमास ! राम्ररी पढ्दैनौ । सबलाई म सजाय दिन्छु ।" दोस्रो घन्टीमा अङ्ग्रेजी पढाउने शिक्षक पस्नुभयो र अङ्ग्रेजीमै गाली गर्नुभयो । तेस्रो घन्टीमा गणित पढाउने शिक्षक पस्नासाथ एउटा विद्यार्थीले भन्यो, "गुरु ! नेपाली पढाउने शिक्षकले नेपालीमा गाली गर्नुभयो, अङ्ग्रेजी पढाउने शिक्षकले अङ्ग्रेजीमा गाली गर्नुभयो, तपाईँ गणितमा गाली गर्नुहोस् न !" गणित शिक्षकले तत्काल भन्नुभयो, "तिन न तेरका, बार सत्ताइस कुरा गर्छस्, किन गर्नुपर्‍यो गाली !"

शिक्षक साथी ! विद्यार्थीहरूलाई उनीहरूले जाने सुनेका विभिन्न चुट्किला भन्न लगाई प्रतियोगितासमेत गराउने गर्नुहोस् ।

१२. यसपालि तिम्रा बुबाले घरखर्च गरेर रु ५,०००।– बचत गर्नुभयो। उहाँले सो पैसा आमाका नाममा बैङ्कमा जम्मा गरेर आउन तिमीलाई अह्राउनुभयो। बैङ्कले तिमीलाई तलको जस्तो खाली भौचर दियो। अब तिमीले यो भौचर कसरी भर्नुपर्ला, भरेर देखाऊ ।

राष्ट्रिय वाणिज्य बैंक लि.
RASTRIYA BANIJYA BANK LTD.

## राष्ट्रिय वाणिज्य बैङ्क लि.

शाखा कार्यालय ....................................

मितिः ........................

### चल्ती / वचत / मुद्धती हिसाबमा जम्मा पुर्जा

हिसाब नं. | | | | | | | | | | | | |

खातावालाको नाम :

रू. ......................................

अक्षरेपी ..............................................................
..............................................................
..............................................................

| डिनोमिनेशन | |
|---|---|
| १००० x | |
| ५०० x | |
| १०० x | |
| ५० x | |
| २५ x | |
| २० x | |
| १० x | |
| ५ x | |
| २ x | |
| १ x | |
| जम्मा | |

जम्मा गर्ने व्यक्ति ..............................................................

नोटः नगद जम्मा गर्दा खातावालाको नाम वा नम्बर नमिल्ती फरक परेमा बैंक जवाफदेही हुने छैन ।

१३. यदि तिमीले रु २५,०००।– को पुरस्कार पायौ भने त्यो रकम तिमी कुन कुन काममा कसरी सदुपयोग गर्छौ, लेखेर देखाऊ ।

६

# स्वस्थ बनौँ



कुनै पनि पुर्जा कमजोर नभएको यन्त्र राम्रो मानिन्छ । इन्जिन बलियो भयो भने टिकाउ हुन्छ । शरीर स्वस्थ्य भयो भने हामी निरोगी, जाँगरिला एवम् दीर्घायु हुन्छौँ । पौष्टिक खानेकुरा, उपयुक्त बसाइ, हिँडाइ, आवश्यक मात्रामा परिश्रम र आरामले शरीरलाई स्वस्थ राख्न मदत गर्छ । स्वस्थ किसिमले जीवन बिताउन सफाइको महत्त्वपूर्ण स्थान छ । हाम्रो वरपरको हावाले प्रशस्त फोहोर, धुलो, धुवाँ आदि उडाएर ल्याएको हुन्छ । यस्तो फोहोर हाम्रो छाला र लुगामा पर्छ । फोहोरबाट विभिन्न रोग लाग्न सक्छन् । हाम्रो शरीरलाई फोहोरबाट बचाउन बराबर नुहाउनु र सफा लुगाको प्रयोग गर्नु जरुरी हुन्छ । यस कुरालाई स्वस्थ बानीबेहोराकै रूपमा लिनुपर्छ ।

हामीले शरीर र लुगा सफा राखेर पुग्दैन, दाँत पनि दिनहुँ माझ्ने गर्नुपर्छ । कपाल कोर्ने, बरोबर नङ काट्ने बानी बसाल्नुपर्छ ।

शरीरलाई स्वस्थ राख्न आराम गर्नु अथवा सुत्नु पनि त्यत्ति कै जरुरी हुन्छ । हामी सुतेपछि शरीरलाई आराम हुन्छ । शरीरमा नयाँ शक्ति र जाँगर आउँछ, विद्यार्थीले पनि ठिक समयमा सुत्ने र उठ्ने बानी बसाल्नुपर्छ । फेरि सुत्ने भन्दैमा सिरक वा ओढ्नेले मुखै छोपिने गरी सुत्नु हुँदैन । मुख छोपी सुत्नाले हामी स्वच्छ हावा लिनबाट वञ्चित हुन्छौँ ।

हाम्रो शरीरले दिनभरि प्रशस्त काम गर्नुपर्छ । बिहान उठे देखि नसुतेसम्म शरीरसक्रिय रहन्छ ।



शरीरलाई फुर्तिलो बनाउन व्यायामको आवश्यकता पर्छ । व्यायामद्वारा शरीरलाई स्वस्थ बनाइन्छ । व्यायाम गर्नाले हाम्रा मांसपेशीहरू शिथिल हुन पाउँदैनन् । हामी घरमै बसेर हातखुट्टाका विभिन्न कसरतहरू गर्न सक्छौँ ।



काम गर्ने शक्ति पाउन शरीरलाई खानेकुरा चाहिन्छ । खानेकुराले हाम्रो शरीरको विकास गर्छ । शरीरलाई आवश्यक शक्ति दिन्छ र विभिन्न रोगबाट सुरक्षा गर्छ । त्यसैले खानेकुराको सही छनोट गर्नु र खाने तरिकामा सतर्क हुनु जरुरी छ । फोहोर, झिँगा भन्केका, सडेगलेका खाना खानु भनेको



रोगलाई निम्त्याउनु हो । हामीले स्वच्छ, सफा र पोसिला खानेकुरा खानुपर्छ । खानेकुरा खाने भन्दैमा बजारमा पाइने महँगा खानेकुरा खानुपर्छ भन्ने होइन । हाम्रा बारीमा सधैँ फल्ने सागपात, फलफूलले हाम्रो आवश्यकता पूर्ति गर्न सक्छन् । सबैभन्दा ठुलो कुरा त स्वस्थ रहने बानीको विकास हो । स्वस्थ शरीरमा नै स्वस्थ विचार हुन्छ । हाम्रो स्वस्थ बानीमा शरीरको नियमित सफाइ, स्वस्थकर खानेकुराको प्रयोग पर्छन् । दैनिक व्यायाम, आराम एवम् स्वस्थ वातावरण पनि त्यत्तिकै आवश्यक कुरा हुन् । स्वस्थ शरीर मानिसको अमूल्य धन हो । यसको सुरक्षा गर्न हामीले असल बानी



अपनाउनुपर्छ । असल बानी आफूमा मात्र होइन, आफ्ना घर परिवारमा पनि हुनु आवश्यक छ । खास गरी भाइ बहिनीलाई स्वस्थ रहन सिकाउनुपर्छ ।

## अभ्यास

१. **सुन र भन :**

पुर्जा, यन्त्र, इन्जिन, स्वास्थ्य, जाँगरिला, दीर्घायु, आवश्यक, परिश्रम, उपयुक्त, प्रशस्त, स्वच्छ, वञ्चित, व्यायाम, निम्त्याउनु, अमूल्य

२. **शुद्ध पारेर कापीमा सार :**

पर्योग, तेसैले, आवशेक, गनुर्पर्छ, पर्शस्त, सोस्थ, झिगाँ, फुरतिलो, सर्तक, हिँडाइ

३. **शब्द र अर्थको जोडा मिलाऊ :**

| शब्द | अर्थ |
|---|---|
| यन्त्र | जिन्दगी |
| दीर्घायु | मिहिनेत |
| उपयुक्त | लामो आयु |
| परिश्रम | सुहाउँदिलो |
| जीवन | मेसिन |
| वञ्चित | मासुका लोला |
| व्यायाम | थाकेको |
| मांसपेशी | अलग |
| शिथिल | सधैँ |
| नियमित | कसरत |

४. **उत्तर भन :**

(क) कसरी दीर्घायु हुन सकिन्छ ?
(ख) हावाले के उडाएर ल्याएको हुन्छ ?
(ग) किन बारम्बार नुहाउनुपर्छ ?
(घ) कस्तो बानीको विकास गर्नुपर्छ ?
(ङ) शरीरलाई फुर्तिलो बनाउन केको आवश्यकता पर्छ ?
(च) स्वस्थ बानीमा के के पर्छन् ?

## ५. शिक्षकले भनेको सुनेर लेख :

शिक्षक साथी ! श्रुतिलेखनका लागि तल दिइए जस्ता शब्दहरू सुनाएर विद्यार्थीहरूलाई संयुक्त अक्षर भएका शब्दहरूको श्रुतिलेखनको अभ्यास गराउनुहोस् ।

पुर्जा, स्वस्थ्य, उपयुक्त, परिश्रम, प्रशस्त, प्रयोग, वञ्चित, व्यक्तिगत, सञ्चालन, वातावरण, निम्त्याउनु

## ६. ठिक बेठिक छुट्याऊ :

(क) हामीले दाँत हप्ताको एक पटक माझ्नुपर्छ ।

(ख) ओढ्नेले मुख छोपेर सुत्ने बानी राम्रो हो ।

(ग) हाम्रो शरीरलाई फुर्तिलो बनाउन व्यायामको आवश्यकता पर्दछ ।

(घ) खानेकुराले हाम्रो शरीरलाई आवश्यक शक्ति दिन्छ ।

(ङ) अस्वस्थ शरीरमा स्वस्थ विचार हुन्छ ।

## ७. वाक्यमा प्रयोग गर :

जाँगर, कसरत, स्वस्थकर, सुरक्षा, सक्रिय, वातावरण

## ८. उत्तर लेख :

(क) हाम्रो शरीरलाई फोहोरबाट बचाउन के के गर्नुपर्छ ?

(ख) शरीरमा नयाँ शक्ति र जाँगर ल्याउन के गर्नुपर्छ ?

(ग) शरीर स्वस्थ रहनाले हामीलाई के फाइदा हुन्छ ?

(घ) हाम्रो शरीरमा खानेकुराले कुन कुन काम गर्छ ?

## ९. उदाहरणमा दिइए झैँ तालिकामा भएका वाक्यलाई बदल :

| | | |
|---|---|---|
| हर्क पाठ पढ्छ । | हर्क पाठ पढ्दै छ । | हर्कले पाठ पढेको छ । |
| सरिता गीत गाउँछिन् । | ---------------- | ---------------- |
| डोल्मा कलम किन्छिन् । | ---------------- | ---------------- |
| रामाशिष दगुर्छन् । | ---------------- | ---------------- |
| तृष्णा विद्यालय जान्छे । | ---------------- | ---------------- |
| हरिशरण भकुन्डो खेल्छ । | ---------------- | ---------------- |

१०. 'क' समूहमा दिइएका धेरै शब्दहरूलाई 'ख' समूहमा दिइएका एउटै शब्दसँग जोडा मिलाई कापीमा सार :

| 'क' | 'ख' |
|---|---|
| धेरै जाँगर भएको | दुर्लभ |
| सागपातमात्र खाने | विदेशी |
| अरूको भर नपर्ने | दुर्गम |
| कहिल्यै नमर्ने | लामपुच्छ्रे |
| बिहे भएको | अनमोल |
| मोल गर्न नसकिने | अमर |
| पुग्न कठिन हुने | स्वावलम्बी |
| आफ्नो देशभन्दा बाहिरको | शाकाहारी |
| पाउन कठिन वस्तु | जाँगरिलो |
| लामो पुच्छर भएको | विवाहित |

११. तिमी आफ्नो शरीरलाई स्वस्थ राख्न के के गर्छौ, बताऊ ।

१२. तलको पोस्टर हेर र तिमीले देखेका कुरा बताऊ :



# १० बुबाको चिठी

प्यारी छोरी, २०७४।८।२५

शुभ आशीर्वाद !

म सन्चै छु । आशा छ, तिमीहरू सबैलाई आनन्दै होला ।

अस्ति म आरामसाथ पोखरा पुगेँ । तिमीले हिँड्ने वेलामा पोखरा पुगेर त्यहाँको बारेमा लेख्नू भनेकी थियौ । म यहाँका बारेमा केही कुरा लेख्दै छु । पोखरा ज्यादै रमणीय ठाउँ रहेछ । मेरो कार्यालयबाट हरिया जङ्गल, पहाड र माछापुच्छ्रे हिमालको दृश्य राम्ररी देखिन्छ । यहाँका फेवाताल र बेगनास ताल हेर्न र डुङ्गा चढी सयर गर्न औधि रमाइलो हुन्छ । पर्यटकहरू यहाँको प्राकृतिक सौन्दर्य देखेर मुग्ध हुन्छन् । यहाँ पाताले छाँगो र महेन्द्र गुफा हेर्न मानिसहरू आउँछन् । यहाँ ताल वाराही, विन्ध्यवासिनी र बुद्ध विहार पनि छन् । धेरैजसो सडकहरू कालो पत्र गरिएका छन् । यातायातका साधनमा बस र ट्याक्सीहरू प्रशस्त चल्छन् । यहाँ विमान स्थल पनि भएकाले टाढा टाढाबाट आउने विदेशीहरूको जमघट भइरहन्छ ।

यहाँको सेती नदी हेर्दा मनै झसङ्ङ हुन्छ । किनभने यो नदी धेरै तल गहिरिएर बगेको छ । यहाँका अरू धेरै महत्त्वपूर्ण कुराहरू हेर्न भ्याएको छैन । नयाँ कुराहरू देखेँ भने अवश्य लेख्ने छु ।


तिम्रो पढाइ कस्तो छ ? पढाइमा अझ ध्यान दिनू । आमा र भाइबहिनीलाई मेरो आशीर्वाद सुनाइदिनू । तिमी पनि त आफ्नो विद्यालयबाट शैक्षिक भ्रमणमा गएकी थियौ । तिमीले त्यहाँ देखेका कुराहरू पत्रमा लेख्नू ।

अरू पछि लेखुँला ।

तिमीलाई माया गर्ने बुबा

छिरिङ तामाङ

## खामको नमुना




### अभ्यास

## १. छिरिङ तामाङले लेखेको चिठी पढेर कक्षामा सुनाऊ ।

## २. सच्याएर कापीमा सार :

आशिर्वाद, प्यारीछोरी, हिँडने, माछापुछे, भ्रमन

## ३. शब्द र अर्थको जोडा मिलाऊ :

| शब्द | अर्थ |
|---|---|
| रमणीय | पिच गरिएको पक्की बाटो |
| सयर | देश विदेश घुम्ने मानिस |
| पर्यटक | सुन्दरता |
| सौन्दर्य | रमाइलो |
| मुग्ध | मक्ख, मोहित |
| कालोपत्र | यात्रा |

## ४. वाक्यमा प्रयोग गर :

प्यारी, आशीर्वाद, सन्चै, आनन्दै, ध्यान, आराम, ज्यादै, राम्ररी, प्रशस्त, झसङ्ङ, अवश्य, अरू

## ५. उत्तर लेख :

(क) पोखरामा हेर्नुपर्ने कुराहरू के के रहेछन् ?

(ख) किन विदेशी पर्यटकहरू पोखरा पुगेपछि मुग्ध हुन्छन् ?

(ग) पोखरामा केकस्ता यातायातका साधन पाइन्छन् ?

(घ) माथिको चिठी के विषयमा लेखिएको छ ?

(ङ) विदेशीहरूका लागि पोखरामा केको सुविधा छ ?

(च) चिठीमा बुबाले छोरीलाई के के गर्न भनेका छन् ?

## ६. तलको चिठी पूरा गरेर शिक्षकलाई देखाऊ :

कन्याम, इलाम
२०७४।९।१५

पूजनीय बुबा,
सादर प्रणाम ।
हामी यहाँ सबै सन्चै छौँ । तपाईंको पत्र हिजो मात्र पाएँ । पत्र पढ्दा हामी सबै खुसी भयौँ । भाइ बहिनी पनि रमाए ।

.......................................................................

.......................................................................

.......................................................................

मैले हाम्रो भ्रमणबारे लेखिहालेँ । अर्को हप्ता हाम्रो कविता वाचन प्रतियोगिता छ । त्यसका बारेमा पनि म लेख्ने नै छु । त्यहाँका रमाइला खबरका साथमा फोटाहरू पनि पठाइदिनुहोला । अरू पछि लेख्ने छु ।

तपाईंकी प्यारी छोरी
..........................
कक्षा ४, रोल नं. ......

## ७. आफ्नो विद्यालयको वर्णन गरेर तिम्रो साथीलाई चिठी लेख ।

## ८. पढ र बुझ :

चिठी लेख्दा ख्याल गर्नुपर्ने कुराहरू

| मानिस | सम्बोधन | अभिवादन | समाप्ति |
|---|---|---|---|
| आफूभन्दा ठुलो भए | पूज्य, आदरणीय | ढोग, नमस्ते नमस्कार, प्रणाम | आज्ञाकारी, प्यारो |
| आफूसरहको भए | प्रिय, प्यारो, स्नेही, साथी | नमस्ते, सम्झना | स्नेही, मित्र, उही |
| आफूभन्दा कान्छो वा सानो भए | प्रिय, चिरञ्जीवी बाबु, नानी | आशीर्वाद, शुभाशिष, माया | भलो चाहने, शुभचिन्तक, माया गर्ने |

## ९. एउटा बाक्लो कागजमा पुराना टिकटहरू टाँस र त्यसको मुनि टिकटमा भएका चित्रको विषय, साल र मूल्य लेख । यो कागज कक्षामा साथीहरू र शिक्षकलाई देखाऊ ।

शिक्षक साथी ! यो अभ्यास परियोजना कार्यका रूपमा राखिएको हो । यसै गरी चिठी लेख्ने, खाम बनाउन लगाउने जस्ता कार्य पनि गराउन सकिन्छ ।

## १०. चिठी लेख्दा तलका कुराहरू कहाँ कहाँ लेखिन्छन्, साथीहरूसँग छलफल गर :

(१) ठाउँको नाम
(२) मिति
(३) सम्बोधन
(४) अभिवादन
(५) आफूले लेख्न चाहेका कुरा
(६) समाप्ति

# ११

# आमा

- सिद्धिचरण श्रेष्ठ

आमा ! तिमी जन्म दिने मलाई
आमा ! तिमी प्राण दिने मलाई
आमा ! तिमी बोट, म फूल त्यसको
हो दान तिम्रै जति जे छ मेरो ।

आमा ! छ तिम्रो महिमा अपार
सिद्धिन्न गाए पनि बारबार
हर्दम बहाइकन प्रेमधारा
दिन्छ्यौ मलाई कतिको सहारा ।

असङ्ख्य तिम्रो गुणको निमित्त
केही कुरा छैन दिने मबाट
संसार यो जत्ति सजाउने छु
सपूत तिम्रो कहलाउने छु ।

बिग्रिरहेको म बनाइदिन्छु
सारा रुनेलाई हँसाइदिन्छु
ज्ञानी भई नाम कमाई उच्च
बन्ने छु तिम्रो म सुयोग्य पुत्र ।



## अभ्यास

१. 'आमा' कविता शिक्षकले गाएको सुन र साथीलाई पनि गाएर सुनाऊ ।

२. तलका शब्द प्रस्टसँग उच्चारण गर :

प्राण, बोट, हर्दम, प्रेमधारा, असङ्ख्य, गुण, ज्ञानी, पुत्र

३. सच्याएर कापीमा सार :

तीमी, पूत्र, प्रान, त्यस्को, तिम्रो, असंख्य

४. शब्दको अर्थ खोजेर जोडा मिलाऊ :

| शब्द | अर्थ |
|---|---|
| महिमा | पटक पटक |
| अपार | सकिन्न |
| सिद्धिन्न | गुणगान, महत्त्व |
| बारबार | पार पाइनसक्नु |
| हर्दम | सहयोग |
| सहारा | अनगिन्ती |
| असङ्ख्य | सधैँ |
| सपूत | सबै |
| सारा | असल छोरो |
| सुयोग्य | गुणवान् |

५. कविताका पङ्क्ति पूरा गर :

(क) आमा ! तिमी बोट, ------- ------- -------
हो दान तिम्रै जति जे छ मेरो ।

(ख) ------- ------- -------
सिद्धिन्न गाए पनि बारबार
------- ------- ------- -------
दिन्छ्यौ मलाई कतिको सहारा ।

## ६. उत्तर भन :

(क) हामीलाई जन्म दिने को हुन् ?

(ख) आमा बोट हुन् भने हामी के हौँ ?

(ग) आमाले के बहाउँछिन् ?

(घ) कसको महिमा अपार छ ?

(ङ) के गाएर सिद्धिन्न ?

## ७. बेठिक भए सच्याएर सार :

(क) आमाको गुणगान गाएर सिद्धिन्छ ।

(ख) हामीलाई आमाको सहारा चाहिन्न ।

(ग) आमाको गुण असङ्ख्य हुन्छ ।

(घ) सपूत कहलाउन संसारलाई बिगार्नुपर्छ ।

## ८. तलका शब्दमा ठिक ठाउँमा शिरबिन्दु (  ) राखेर सार :

ससार, अश, हस, सवाद

## ९. तलका शब्दलाई वाक्यमा प्रयोग गर :

प्राण, बोट, संसार, ज्ञानी, अपार, असङ्ख्य

## १०. तलको पङ्क्तिको अर्थ बताऊ :

आमा ! तिमी बोट, म फूल त्यसको

## ११. उत्तर लेख :

(क) आमाको महिमा किन ठुलो छ ?

(ख) सुयोग्य पुत्र हुन के गर्नुपर्छ ?

(ग) आमाले कसरी सहारा दिन्छिन् ?

(घ) आमाको गुण तिर्न हामीले कस्तो भएर देखाउनुपर्छ ?

(ङ) आमालाई बोट र हामीलाई फुल किन भनिएको हो ?

## १२. बाबुका महिमाको बारेमा पाँच वाक्य लेख ।

# १२ बजा लौरी डाङडुङ

दिलबहादुर आफ्नो झुपडीमा रमाएरै बसेको थियो । लेकमा उसको थोरै बारी थियो । त्यही बारीमा मकै, कोदो आदि लगाउँथ्यो र जेनतेन आफ्नो जीविका चलाउँथ्यो । ऊ उज्यालो भएपछि बारीमा जान्थ्यो र अँध्यारो भएपछि फर्कन्थ्यो ।

एक दिन दिलबहादुर मकै छर्न आफ्नो बारीतिर लाग्यो । उससँग खाजाका लागि कोदाको रोटी थियो । दिउँसोतिर ऊ खाजा खान एउटा रुखको छायामा बस्यो । उसले रोटीको पोको फुकायो र एक ढिको नुन र एक ढिँडी खुर्सानी पनि झिक्यो । एउटा रोटीलाई सात टुक्रा पाऱ्यो । रोटीका टुक्राहरू गन्दै भन्न थाल्यो, "एक खाऊँ, दुई खाऊँ, तिन खाऊँ, चार खाऊँ, पाँच खाऊँ, छ खाऊँ कि सात ओटै खाऊँ ।" संयोगले ऊ बसेको रुखमुनि ठुलो ओडार रहेछ । त्यहाँ राक्षसका सात जना बच्चाहरू बस्दा रहेछन् । दिलबहादुरले सात ओटै खाऊँ भनेको सुनेर राक्षस डरायो र भन्न थाल्यो, "नखा मनुक्खे नखा, मेरा बालकहरू नखा । तँलाई खिरपाक ताउली दिउँला ।" यति भन्दै राक्षसले दिलबहादुरलाई खिरपाक ताउली दियो ।



खिरपाक ताउली लिएर दिलबहादुर आफ्नो घर फर्क्यो । उसकी फुपू घरमा आएकी रहिछन् । फुपू चाहिँ छुच्ची र लोभी स्वभावकी थिइन् । गतिलो सामान देख्यो कि माइतबाट लुकाएर आफ्ना घरतिर पुऱ्याउँथिन् ।

बेलुकीपख दिलबहादुरले खिरपाक ताउलीको परीक्षा गर्ने विचार गऱ्यो । आफूअगाडि ताउली राखी 'खिरपाक ताउली' भन्यो । साँच्ची नै ताउलीमा खिर पाक्यो । यो देखेर फुपू पनि छक्क परिन् ।

उनले राति दिलबहादुर सुतेपछि त्यहाँ ताउली जस्तै अर्कै भाँडो राखिदिइन् र सक्कली ताउली लुकाइन् ।

अर्को दिन सधैँ झैँ बिहानीपख दिलबहादुर रोटीको पोको बोकी आफ्ना बारीतिर लाग्यो । खाजा खाने वेलामा त्यही रुखमुनि बसेर रोटीको पोको फुकायो । पहिले जस्तै रोटीको टुक्रा गन्दै भन्न थाल्यो, "एक खाऊँ, दुई खाऊँ, तिन खाऊँ, चार खाऊँ, पाँच खाऊँ, छ खाऊँ कि सात ओटै खाऊँ ।" यो सुनी ओडारबाट राक्षस अत्तालिएर बाहिर आई डराउँदै भन्न थाल्यो, "नखा मनुक्खे, नखा ! तँलाई म सुन बड्कौँली बाखी दिन्छु ।" दिलबहादुरले सुन बड्कौँली बाखी पायो । ऊ बाखी डोऱ्याउँदै आफ्नो घरतर्फ लाग्यो ।

आफू घर पुगेपछि फुपूलाई बाखी देखाउँदै भन्यो, "हेर्नुहोस् फुपू, यो 'सुन बड्कौँली' बाखी हो । सुन बड्कौँली बाखी भनेपछि सुनका बड्कौँला निकाल्छ ।"



दिलबहादुरले बाखीलाई अगाडि ल्याएर सुन बड्कौँली बाखी, सुन बड्कौँली बाखी भन्यो । नभन्दै बाखीले सुनैसुनका बड्कौँला पाऱ्यो । फुपू चाहिँ मनमनै यो बाखी पनि हात पार्नुपऱ्यो भनी जाल रच्न थालिन् । उनले राति दिलबहादुर सुतेपछि बाखी साटिदिइन् र आफ्नो घरमा लगिन् ।

अर्को दिन पनि दिलबहादुर रोटीका पोका बोकी बारीतिर लाग्यो । उसले पहिले जस्तै रुखमुनि बसी रोटीका टुक्रा गन्दै भन्न थाल्यो, “एक खाऊँ, दुई खाऊँ, तिन खाऊँ, चार खाऊँ, पाँच खाऊँ, छ खाऊँ कि सात ओटै खाऊँ ।” यसपटक त राक्षस झनै कहालिएर बाहिर आयो र हात जोडी भन्न थाल्यो, “नखा मनुक्खे, नखा, यसपटक म तँलाई डाङडुङ लौरी दिउँला । यस लौरीले जसलाई भन्यो, त्यसलाई पिटेर कायल पार्छ ।” दिलबहादुरले हुन्छ भन्दै लौरी लियो ।

बेलुकी भात खाइसकेपछि दिलबहादुर सुत्यो । फुपू चाहिँ यसपटक पनि दिलबहादुरले केही न केही पक्कै ल्याएको हुनुपर्छ भनी सुस्तरी कोठाभित्र पसिन् । कोठामा राम्रो लौरी देखेपछि पक्कै पनि यो चमत्कारी हुनुपर्छ भन्ने ठानिन् । उनले चोर्ने मनसायले सुस्तरी लौरी झिकिन् ।

एक्कासि दिलबहादुर बिउँझ्यो । अँध्यारामा चोरले लौरी चोर्न लागेछ क्यारे भन्ने ठानी उसले बजा लौरी डाङडुङ भन्यो । लौरीले फुपूलाई चुट्न थाल्यो । फुपू कायल भइन् । उनले पहिले चोरेका खिरपाक ताउली र सुन बड्कौंली बाखी फिर्ता दिन मन्जुर गरिन् । फुपूले सक्कली माल चोरेको थाहा पाएर दिलबहादुर छक्क पऱ्यो । उसले लौरीलाई नपिट् भन्ने आज्ञा दियो । फुपूबाट सक्कली माल फिर्ता लिएर दिलबहादुर अब भने आनन्दसँग बस्यो ।



## अभ्यास

१. **शिक्षकले भनेको सुन र भन :**

लगाउँथ्यो, अँध्यारो, ढिँडी, ओडार, बाख्री, टुक्रा, राक्षस, डाङडुङ, बड्कौंला

२. **तिमीले जानेको एउटा कथा कक्षामा सुनाऊ ।**

३. **सच्याएर कापीमा सार :**

जिविका, राक्छेस, सोभाव, बरकौला, बार्खी

४. **शब्द र अर्थको जोडा मिलाऊ :**

| शब्द | अर्थ |
|---|---|
| लौरी | आत्तिनु |
| जीविका | बाख्राको दिसा |
| ताउली | सानो लट्ठी |
| अत्तालिनु | जीवन चलाउने काम |
| बड्कौंला | साँचो कुरा बोल्ने हुनु |
| कायल हुनु | साँच्चीको, वास्तविक |
| सक्कली | भात, खोले आदि पकाउने सानो भाँडो |

५. **उत्तर भन :**

(क) दिलबहादुर बारीमा के लगाउँथ्यो ?

(ख) दिलबहादुर के खाजा खान्थ्यो ?

(ग) राक्षसका कति ओटा बच्चा थिए ?

(घ) फुपूको स्वभाव कस्तो थियो ?

(ङ) लौरीले फुपूलाई के गऱ्यो ?

६. **कसले कसलाई भनेको हो, लेख :**

(क) तँलाई खिरपाक ताउली दिउँला ।

(ख) हेर्नुहोस् फूपू यो 'सुन बड्कौंली' बाख्री हो ।

(ग) यस लौरीले जसलाई भन्यो, त्यसलाई पिटेर कायल पार्छ ।

## ७. तलका शब्दलाई वाक्यमा प्रयोग गर :

सानो, छुच्ची, लोभी, छक्क, पहिले, बाहिर, सुस्तरी, एक्कासि, सक्कली, विचार, पोको, जाल, मन्जुर, फिर्ता

## ८. उत्तर लेख :

(क) दिलबहादुरको जीविका कसरी चलेको थियो ?

(ख) राक्षस डराउनुको कारण के थियो ?

(ग) दिलबहादुरकी फुपू कस्तो स्वभावकी थिइन् ?

(घ) दिलबहादुरका कुन कुन सामान चोरिए ?

(ङ) दिलबहादुरले सामान कसरी फिर्ता पायो ?

(च) यो कथा तिमीलाई किन मन पऱ्यो ?

## ९. कथा पढ र तलका वाक्यलाई क्रमैसँग मिलाएर लेख :

(क) अँध्यारामा चोरले लौरी चोर्न लागेछ ।

(ख) लेकमा उसको थोरै बारी थियो ।

(ग) त्यहाँ राक्षसका सात जना बच्चाहरू बस्दा रहेछन् ।

(घ) उनले पहिले चोरेका खिरपाक ताउली र सुन बड्कौँली बाख्री फिर्ता दिन मन्जुर गरिन् ।

(ङ) यस लौरीले जसलाई भन्यो त्यसलाई पिटेर कायल पार्छ ।

(च) दिलबहादुरले खिरपाक ताउलीको परीक्षा गर्ने विचार गऱ्यो ।

## १०. उदाहरण हेरेर वाक्य बदल :

उदाहरण :
म भरे खेतबारीमा हुने छु ।
हामी भरे खेतबारीमा हुने छौँ ।

(क) म घर पुगेपछि खिर खाने छु ।

(ख) म वैशाखमा फुपूको घर जाने छु ।

(ग) म सुन बड्कौँली बाख्री लाने छु ।

## ११. खाली ठाउँमा तलका शब्दहरू भरी कथा पूरा गर :

खेत, तिमीहरू, बुद्धि, मरे जस्तो, जाल, ढुकुर,
बुढो, दया, धन्यवाद, उड्नू, बच्चा, किसान

गाउँको नजिकै एउटा जङ्गल थियो । जङ्लमा -------------------- को हाँचै बस्थ्यो । ढुकुरहरू चर्न -------------------- मा जान्थे । ढुकुरले धान खाएर -------------------- लाई हैरान पारे । ढुकुरबाट बच्न किसानले -------------------- थाप्यो । यो कुरा --------------------ढुकुरले थाहा पायो । उसले सबै ढुकुरलाई बोलायो र भन्यो,"------------- किसानको खेतमा चर्न नजानू, जालमा परौला ।" तर --------------- ढुकुरले यो कुरा मानेनन् । उनीहरू -------------------- मा परे । जालमा परेपछि ढुकुरहरू कराउन थाले । तिनीहरूको ------- देखेर बुढो ढुकुरलाई ------लाग्यो । उसले ------------------ लाई बचाउने विचार गऱ्यो । बुढो ढुकुर पनि खेतमा गयो र -------------------- ढुकुरहरूलाई भन्यो, "किसान आउँदा तिमीहरूले -------------------- गर्नू र उसले जाल झिक्ने बित्तिकै एकै चोटि -------------------- । बच्चा ढुकुरहरूले त्यसै गरे र किसानबाट बचे । उनीहरूले बुढो ढुकुरलाई ---------------- दिए ।

## १२. तिमीले बनाएको माथिको कथा पढेर सुनाऊ ।

## १३. राक्षसले दिलबहादुरलाई लौरी नदिएको भए फुपूले के गर्थिन् होला, सोचेर लेख ।

# १३ नरेशको यात्रा

एक दिन बुबाले नरेशलाई चौतारा जाने बसको टिकट ल्याइदिनुभयो । बसमा चढाउन लैजानुअघि बाबुछोराका बिच धेरै कुराकानी भए । बुबाले नरेशलाई भन्नुभयो, “बाबु, तिमी एक्लै चौतारा जाँदै छौ । पिर नमाने, बरु बसमा झ्यालबाट हात टाउको ननिकाल्नू । बाटामा विभिन्न खानेकुरा बेच्न राखिएका हुन्छन्, जुन पायो त्यही खानेकुरा नखानू ।”


बुबाले फेरि भन्नुभयो, “हेर बाबु, यहाँबाट बसले पहिले तिमीलाई भक्तपुर पुऱ्याउँछ । तिमी भक्तपुरबाट साँगा भन्ज्याङ हुँदै बनेपा पुग्छौ । बनेपा सानो सहर हो । बनेपाबाट अलि बेर बस गुडेपछि धुलिखेल आउँछ । धुलिखेल काभ्रेपलान्चोक जिल्लाको सदरमुकाम हो । त्यहाँबाट पाँचखाल हुँदै दोलालघाट पुगिन्छ ।” “त्यसपछि चौतारा पुगिन्छ त बुबा ?” नरेशले सोधिहाल्यो ।

बुबाले फेरि भन्न सुरु गर्नुभयो, “यत्तिकैमा चौतारा कहाँ पुग्नु र ! दोलालघाटबाट अलि माथि गएपछि चौतारा जाने बाटो बायाँतिर लाग्छ । करिब साढे एक घण्टापछि मात्र बल्ल चौतारा पुगिन्छ ।”




बुबाको कुरा सकिन नपाउँदै नरेशले प्रश्न गरिहाल्यो, “बुबा, मैले त फुपूको घर देखेकै छैन, कसरी पत्ता लगाउने होला ?”

बुबाले नरेशलाई जवाफ दिँदै भन्नुभयो, “तिमी चौताराको अन्तिम बस बिसौनीमा







ओर्लनू । त्यहाँबाट टुँडिखेलतर्फ जानेबाटो जानू । पिपलडाँडा त्यहाँबाट देखिन्छ । टुँडिखेलको छेउबाट पिपलडाँडा जाने बाटो गएको छ । त्यहाँ पिपलडाँडा जाने बाटो जोकोहीलाई सोधे पनि हुन्छ ।"

"हुन्छ बुबा म सजिलैसँग पुग्छु जस्तो लाग्यो । तपाईंले केही पिर लिनुपर्दैन ।" नरेशले भन्यो ।

बुबाले बस गुड्ने वेलामा नरेशलाई एउटा कागज दिनुभयो । कागजमा ठाउँहरूका नाम लेखिएको रहेछ । त्यसमा चौतारा जाँदा आउने ठाउँका नामहरू क्रमैसँग राखिएको रहेछ ।

एकछिनपछि बस गुड्यो । नरेश एक्लै बसको यात्रा गर्न सकेकामा मनमनै दङ्ङ परेको थियो । उसलाई अनौठो र आनन्द लागेको थियो । ऊ झ्यालबाट सहर, बजार, गाउँ, रुख, घरहरूका दृश्य हेर्नमा मस्त भयो ।



नरेश काठमाडौँबाट लगभग पाँच घण्टाको यात्रापछि चौतारा पुग्यो । चौतारा सिन्धुपाल्चोक जिल्लाको सदरमुकाम हो । चौतारा पहाडमा रहेको बजार हो । यहाँ कृष्ण मन्दिर, वनदेवीको मन्दिर र जिल्लाका मुख्य मुख्य कार्यालय छन् । यहाँ बाहुन, छेत्री, नेवार र तामाङ जातिका मानिसहरू बसोबास गर्छन् । चौताराबाट जुगल हिमाल र गणेश हिमालको दृश्य बडो आकर्षक देखिन्छ ।

नरेशलाई चौताराका डाँडामा देखिने हरिया वन र पाटैपाटा परेका हरिया खेतहरूका मनमोहक चित्रले लोभ्याएको थियो । यिनै दृश्यहरू हेर्दै र स्थानीय मानिसहरूसँग बाटोघाटो सोध्दै ऊ पिपलडाँडामा पुग्यो । उसलाई पिपलडाँडामा घर खोज्न अप्ठ्यारो भएन किनभने बाटैमा किरण भेटियो । किरण उसकी फुपूको छोरो हो । किरणले खुसी हुँदै नरेशलाई घरमा लग्यो । फुपू आफ्नो भदो आएकामा खुसी हुनुभयो । फुपाजु पनि नरेशका नजिक आई घरको हाल खबर सोध्न थाल्नुभयो । सबै जना खुसी भई नरेशसँग कुराकानी गर्न थाले ।

फुपूको घर ढुङ्गाले छाएको र कमेरो लिपिएको थियो । पिँढी रातो माटाले लिपिएको थियो । आँगनमा तुलसीको मठ थियो । आँगनकै छेउमा परालको टौवा र मकैको थाङ्ग्रो राखिएको थियो । यी सबै वातावरण हेर्दा नरेशलाई नौलो अनुभव भयो ।

किरणले नरेशलाई एकछिन घुम्न जाऔँ भनी बाहिर लग्यो । उनीहरू गाउँमा घुम्दा ढुङ्गा छापेका गल्ली हुँदै विद्यालयको चौरमा पुगे । चौरबाट चारैतिर हरियो जङ्गल देखिन्थ्यो । डाँडामा देखिएका उकाला ओराला र घुमाउरा बाटाहरूका छेउछाउमा राता, सेता घरहरू निकै मनमोहक थिए । नरेशका आँखा यी दृश्यहरू हेर्न तल्लीन थिए । उसलाई प्रकृतिको स्वच्छ र निर्मल वातावरणमा सधैँ रमाउन पाए हुन्थ्यो जस्तो लाग्यो ।



## अभ्यास

१. **सुन र भन :**

टाकुरो, सदरमुकाम, टौवा, कुनिउँ, अप्ठ्यारो, विद्यालय, आकर्षक, थाङ्ग्रो

२. **सच्याएर कापीमा सार :**

घण्टा, टुँडिखेल, अनउठो, दृस्य, थाङ्रो

३. **शब्द र अर्थको जोडा मिलाऊ :**

| शब्द | अर्थ |
|---|---|
| सदरमुकाम | मन तान्ने |
| बस बिसौनी | पराल राख्ने माच |
| आकर्षक | खास ठाउँको |
| मनमोहक | मनलाई लट्ठ पार्ने |
| स्थानीय | लागि परेको |
| कमेरो | बस बिसाउने वा रोक्ने ठाउँ |
| टौवा | मकैको झुत्ता चाङ लगाएर राखिने टाँड, सुली |
| थाङ्ग्रो | जिल्लाका मुख्य मुख्य कार्यालय हुने ठाउँ |
| तल्लीन | सेतो माटो |

४. **उत्तर भन :**

(क) नरेशलाई बसको टिकट कसले ल्याइदियो ?

(ख) पिपलडाँडा कहाँबाट देखिन्छ ?

(ग) काभ्रेपलान्चोक जिल्लाको सदरमुकामको नाम के हो ?

५. **छोटो उत्तर लेख :**

(क) नरेश र बुबाका बिच के के कुराकानी भए ?

(ख) चौतारा जाने बस कुन कुन ठाउँबाट गयो ?

(ग) चौताराबाट कस्तो दृश्य देखिन्छ ?

(घ) नरेशले पिपलडाँडाको चौरबाट के के देख्यो ?

(ङ) नरेशलाई पिपलडाँडा कस्तो लाग्यो ?

६. तल दिइएको उदाहरण हेरी वाक्य ढाँचामा परिवर्तन गर :

उदाहरण :
ऊ पाठ (लेख्नु) = ऊ पाठ लेख्दै थियो ।

(क) म खेल (खेल्नु) ।
(ख) दिदी बाटामा (हिँड्नु) ।
(ग) बा घरमा (पढ्नु) ।
(घ) आमा विद्यालय (जानु) ।
(ङ) गाई घाँस (खानु) ।
(च) काजी हिमाल (चढ्नु) ।

७. तलका उखानको अर्थ बुझ र वाक्यमा प्रयोग गर :

उदाहरण :
उखान - पशुपतिको जात्रा सिद्राको व्यापार
अर्थ - एउटै लक्ष्यमा दुइटा काम सक्नु
प्रयोग - पशुपतिको जात्रा सिद्राको व्यापार भने जस्तै म दाङ गएर दाजुलाई पनि भेट्छु, पुस्तक पनि लिएर फर्कन्छु ।

| | |
|---|---|
| (क) काला अक्षर भैँसी बराबर | लेखपढ गर्न नजान्नु |
| (ख) दुवै हातमा लड्डु | दुवैतिरबाट लाभ |
| (ग) हुने बिरुवाको चिल्लो पात | सप्रिने लक्षण पहिले नै थाहा हुनु |
| (घ) बाँदरको हातमा नरिवल | मूर्खको हातमा अमूल्य वस्तु पर्नु |
| (ङ) अड्को फड्को तेलको धूप | अप्ठ्यारोमा जेले पनि काम चल्नु |

८. तिम्रो घरदेखि विद्यालयसम्मको बाटाको नक्सा बनाई बाटामा पर्ने ठाउँका नाम लेख ।

९. तिमीलाई मामाघर अथवा अन्त कतै जाँदा कस्तो अनुभव भयो, लेख ।

## १० तलको तालिका पढी अरू पनि त्यस्तै मिल्दा शब्दहरू लेख :

| भाले बुझाउने | पोथी बुझाउने | दुवै नबुझाउने |
|---|---|---|
| बा | आमा | घर |
| दाजु | भाउजू | फूल |
| फुपाजु | फुपू | कलम |
| भिनाजु | दिदी | मकै |
| बोको | बाख्रो | ऐना |
| गोरु | गाई | कप |
| पाडो | पाडी | लुगा |
| लोग्ने | स्वास्नी | ढोका |
| काका | काकी | चस्मा |
| केटो | केटी | किताब |

| भाले बुझाउने | पोथी बुझाउने | दुवै नबुझाउने |
|---|---|---|
| ______ | ______ | ______ |
| ______ | ______ | ______ |
| ______ | ______ | ______ |
| ______ | ______ | ______ |
| ______ | ______ | ______ |

## ११. जोडा मिलाऊ :

| | |
|---|---|
| (क) भाले बुझाउने शब्द | ढुङ्गो |
| (ख) पोथी बुझाउने शब्द | राँगो |
| (ग) दुवै नबुझाउने शब्द | कुखुरी |

१४

# पशुपन्छी र हाम्रो कर्तव्य




(राजु गुलेली लिएर चरा मार्न सुरले पल्लो गाउँसम्म पुगेको थियो । उसले चरा मार्न गुलेली ताकेको देखेर एक जना बटुवाले चरालाई हाहा गरेर उडाइदियो । यहाँ यिनै दुईका बिच कुराकानी हुँदै छ ।)

**राजु** – तपाईँले किन चरा उडाइदिनुभएको ?

**बटुवा** – हेर बाबु ! यी चराचुरुङ्गी र जनावरहरू पनि हामी जस्तै हुन् । यिनीहरूको पनि आफ्नो परिवार हुन्छ । यिनीहरूलाई मारेर के पाइन्छ ? हामीले यिनीहरूको रक्षा पो गर्नुपर्छ ।

**राजु** – तपाईँले भनेका कुरा कसरी पत्याऊँ ! मासु पसलेहरूले कुखुरा, बोका, खसी, राँगा किन काटेका त ? तिनीहरूले पनि पशुपन्छी नमार्नुपर्ने, हो इन र ?

**बटुवा** – अरूले मार्छन् भनेर आफूले पनि मार्न भएन नि ! अर्काले घोडा चढ्यो भनेर आफूले धुरी चढ्न हुन्छ ? पशुपन्छीलाई मार्ने होइन, यिनीहरूलाई त माया गर्नुपर्छ ।

**राजु** – दाइ, हामीले मात्र यिनीहरूलाई माया गरेर होला र ?

**बटुवा** – हामी मानिसहरू चेतनशील र बुद्धिमान् भनेर चिनिन्छौँ । हामीले नै माया र रक्षा नगरे तिनीहरूलाई कसले माया गर्छ ? मान्छेहरूले आफ्नो स्वार्थका लागि चराचुरुङ्गीलाई खोर अथवा पिँजडामा हालेर र पशुहरूलाई घाँटीमा दाम्लाले बाँधेर पाल्छन् ।

**राजु** – त्यसो भए त हामीले गाई, भैँसी, राँगा, गोरु, खसी, बाखा, हाँस, कुखुरा आदि नपाले पनि त भयो नि, होइन र ?

**बटुवा** – त्यसो भनेको होइन बाबु, जसबाट हामी बढी फाइदा लिन्छौँ, त्यसको सेवा पनि गर्नुपर्छ । त्यसको राम्रो हेरचाह गर्नुपर्छ अनि पो बढी समयसम्म फाइदा लिन सकिन्छ ।

**राजु** – त्यसो भए वनजङ्गलका पशुपन्छीहरूको स्याहार सुसार कसले गर्छ त ?

**बटुवा** – ठिक प्रश्न गऱ्यौ बाबु, जङ्गलका पशुपन्छीहरूलाई प्रकृतिले रक्षा गर्छ तर मान्छेहरूले दुर्लभ वन्यजन्तुहरूको सिकार गर्ने कारणले धेरै जनावरहरू लोप भइसके । हाम्रा जङ्गलका गैँडा, हात्ती, बाघ, मृग, हरिण, अर्ना, खरायो, कालिज, लुइँचे, मुजुर जस्ता पशुपन्छीहरू वर्षैपिच्छे घट्दै छन् । त्यसमा पनि मान्छेहरूले जथाभावी जङ्गल फँडानी गर्नाले र डढेलो लगाउनाले आश्रय स्थल घट्दै छ ।

**राजु** – दाइ, यी पशुपन्छीहरूको सुरक्षा गर्ने र जोगाउने उपाय छैन त ?

**बटुवा** – हेर बाबु, सबै कुराको उपाय हुन्छ । यसका लागि जङ्गली जनावरहरूको सिकार गर्नुहुन्न । मानिसहरूले निर्धा र अशक्त पशुपन्छीहरूलाई दुःख दिनुहुन्न । यिनीहरूको हेरचाह र सुरक्षा गर्नुपर्छ । जङ्गल भनेको वन्यजन्तुहरूको वासस्थान हो । वनको संरक्षण गर्नुपर्छ । पशु र पन्छी मान्छेका साथी हुन् भन्ने भावना लिनुपर्छ । थाहा पायौ ?

**राजु** – बुझेँ दाइ, अब म कहिल्यै पनि गुलेलीले चराचुरुङ्गी मार्दिनँ, घरका पशुहरूको पनि राम्ररी हेरचाह गर्छु । ल म अहिले नै यो गुलेली फ्याँकिदिन्छु ।

(राजुले नभन्दै गुलेली फ्याँकिदियो । बटुवा चाहिँ राजुले गुलेली फ्याँकेको देखी मुसुमुसु हाँसिरह्यो ।)

## अभ्यास

१. **शिक्षकले भनेको सुनेर भन :**

चराचुरुङ्गी, पशुपन्छी, स्वार्थ, दानापानी, हरिण, आश्रय स्थल, दुर्लभ

२. **राजु र बटुवा बनेर माथिको पाठ पालैपालो पढेर सुनाऊ ।**

३. **सच्याएर कापीमा सार :**

चराचुरङगी, उपाए, रक्छ्या, बुद्धिमान

४. **शब्द र अर्थको जोडा मिलाऊ :**

| शब्द | अर्थ |
|---|---|
| गुलेली | आफ्नो मात्र फाइदा |
| रक्षा | चेतना भएको |
| धुरी | कमजोर, बल नभएका |
| चेतनशील | रहने बस्ने ठाउँ |
| स्वार्थ | सजिलै प्राप्त गर्न नसकिने |
| दुर्लभ | मट्याङ्ग्रा हुऱ्याउने साधन |
| वन्यजन्तु | बचाउने जोगाउने काम |
| आश्रय स्थल | घरका छानाको टुप्पो भाग |
| निर्धा | वनका जनावर |

५. **उत्तर भन :**

(क) किन चरा मार्नु हुँदैन ?

(ख) मान्छेले किन पशुलाई खोरमा राखेका हुन् ?

(ग) गाईभैँसीबाट के पाइन्छ ?

(घ) प्रकृतिले कसको रक्षा गर्छ ?

(ङ) वनजङ्गल मासिए के हुन्छ ?

## ६. उदाहरण हेरी वाक्य बनाऊ :

उदाहरण : मुसुक्क ! म मुसुक्क हाँसेँ ।

भुर्र, थ्याच्च, प्याट्ट, ट्वाक्क, ढकमक्क, लचक्क, क्यारे, ओहो

७. (क) राजु र बटुवाबिच कुराकानी कसरी सुरु भयो ?

(ख) हामीले पशुपन्छीको रक्षा किन गर्नुपर्छ ?

(ग) जङ्गलका पशुपन्छीको रक्षा कसले गर्छ ?

(घ) धेरै जनावर लोप हुनुको कारण के हो ?

(ङ) पशुपन्छीको सुरक्षा गर्ने उपायहरू के के हुन् ?

## ८. तलका कुराकानी पढ र बाकसमा दिइएकामध्ये मिल्दा शब्द छानी लेख :

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| नि | त | क्यारे | पो | ब्यारे | खै | नाइँ | लौ |

श्याम : हिजो बिदाको दिनमा के गऱ्यौ हँ ?

प्रदीप : के गर्नु -----, उही नुहाइधुवाइ ----- हो नि ।

श्याम : ----- मैले त भन्नै बिर्सेको । मैले पनि तिमीले जस्तै गरेँ ।

प्रदीप : तिमीले मलाई ढाँट्यौ ----- ।

श्याम : होइन ----- । साँच्ची ढाँटेको छैन ।

प्रदीप : तिमीले सबै गृहकार्य गऱ्यौ -----?

श्याम : अरू त सकेँ, हिसाब चाहिँ गर्न सकिएन ।

प्रदीप : हिँड ----- अहिले हिसाब गरौँ ।

श्याम : ----- अब जान्नँ । तिमीलाई जस्तो हिसाब आए ----- ।

प्रदीप : ----- छाड, म ----- हिँडेँ ।

श्याम : ----- म पनि तिमीसँग आएँ । सँगै बसेर हिसाब गरौँ ।

## ९. मिल्दा शब्द छानी वाक्य पूरा गर :

(क) राम र हरि वन ------------ जाँदै छन् ।

(ख) रुख ------------ चरो बसेको छ ।

(ग) यो खेलौना बहिनीका -------- ल्याएको हुँ ।

(घ) म ------------ झोला छ ।

(ङ) तिमी त्यहाँ ------------ नजाऊ ।

| |
|---|
| मा |
| सम्म |
| तिर |
| निम्ति |
| सँग |

## १०. तलको उदाहरण हेर र अरू शब्दहरूलाई दुई दुई ओटा वाक्यमा प्रयोग गर :

| शब्द | आशय | वाक्यमा प्रयोग |
|---|---|---|
| आहा ! | खुसी जनाउने | आहा ! क्या राम्रो तस्बिर ! |
| हरे ! | शोक मनाउने | हरे ! कस्तो नराम्रो भयो ! |

| शब्द | आशय | वाक्यमा प्रयोग |
|---|---|---|
| कठै ! | दु:ख जनाउने | |
| छि: छि: ! | घृणा जनाउने | |
| आबुई ! | डरत्रास जनाउने | |
| ऐय्या ! | पीडा जनाउने | |
| ओहो ! | आश्चर्य जनाउने | |

## ११. तलका उखानहरूको अर्थ बताऊ :

(क) अरूले घोडा चढ्यो भनेर आफूले धुरी चढ्नु हुँदैन ।

(ख) नाच्न नजान्ने आँगन टेढो ।

(ग) आलु खाएर पेडाको धाक ।

(घ) नमच्चिने पिङको सय झट्का ।

## १२. गाउँघरमा मानिसले पशुलाई माया नगरी कुटपिट गरेको देखिन्छ । त्यसरी कुटपिट गर्ने मानिसलाई पशुलाई माया गर्नुपर्छ भनी सम्झाउनुपरे तिमी के के सल्लाह दिन्छौ, पाँच वाक्य लेख ।

# १५ प्रधानाध्यापकलाई निवेदन

मिति २०६६।१०।८

श्रीमान् प्रधानाध्यापक,
श्री जनता प्राथमिक विद्यालय,
विद्यानगर ।

विषय : बिदा पाऊँ भन्नेबारे ।

हिजो मिति २०६६।१०।७ का दिन रुघाखोकीले गर्दा म विद्यालय आउन सकिनँ । त्यसैले उक्त दिनको बिदा मिलाइदिनुहुन विनम्र अनुरोध छ ।

आज्ञाकारी छात्रा
बुद्धलक्ष्मी महर्जन
कक्षा ४
रोल नं. २

मिति २०६६।११।५

श्रीमान् प्रधानाध्यापक,
श्री नेपाल राष्ट्रिय माध्यमिक विद्यालय,
दिव्यनगर ।

विषय : सामग्री पाऊँ भन्नेबारे ।

हामी कक्षा ४ का विद्यार्थीहरू मिली सांस्कृतिक कार्यक्रम गर्ने इच्छा गरेका छौँ । हामी यो कार्यक्रम विद्यालयको वार्षिक समारोहमा प्रस्तुत होस् भन्ने चाहन्छौँ । हामीलाई उक्त कार्यक्रमको अभ्यास र सञ्चालन गर्न तलका सामान उपलब्ध गराइदिनुहुन विनम्र अनुरोध गर्छौं ।

आज्ञाकारी विद्यार्थीहरू
कक्षा ४

सामानहरू
(१) मादल - १ (२) चाँप - ३ जोर (३) हार्मोनियम - १ थान (४) मुरली - १ थान (५) तबला - १ जोर
(६) अन्य सामानहरू - धोती, चोलो, पटुका, चुरा, टीका, दौरा, सुरुवाल, इस्टकोट, टोपी

## अभ्यास

१. **माथिका दुई ओटै निवेदन पढेर कक्षामा सुनाऊ ।**

२. **शुद्ध पारी सार :**

मानिस्लाई खायर मात्र पुग्दैन । समयेसमये साँस्कृतिक कार्यक्रम गर्नुपर्छ । यस्ले गर्दा विद्यार्थीहरूमा देशप्रति ठुलो भावना जाग्छ । हामी पनी स्कूलमा सासकृतिक कारेकरम गरौ ।

३. **शब्द र अर्थको जोडा मिलाऊ :**

| शब्द | अर्थ |
|---|---|
| विनम्र | सामान |
| आज्ञाकारी | संस्कृति सम्बन्धी |
| सामग्री | पाइएको, प्राप्त |
| सांस्कृतिक | आदेशको पालना गर्ने |
| वार्षिक | वर्षमा गरिने |
| सञ्चालन | नम्र |
| उपलब्ध | चलाउने काम |

४. **तलका शब्दहरूलाई वाक्यमा प्रयोग गर :**

निवेदन, उपलब्ध, सामग्री, वार्षिक, सञ्चालन, अनुरोध, आशा, जरुरी

५. **उत्तर लेख :**

(क) माथिका निवेदन कुन कुन विषयमा लेखिएका छन् ?

(ख) निवेदनमा कसलाई सम्बोधन गरिएको छ ?

(ग) निवेदन लेख्दा के के कुरा छुटाउनु हुँदैन ?

६. **घरमा दिदीको विवाह परी विद्यालय आउन नसकेको कारण जनाई आफ्ना प्रधानाध्यापकलाई निवेदन लेख ।**

७. विद्यालयमा खेल्नका लागि एउटा भकुन्डो किनिदिन अनुरोध गर्दै आफ्ना प्रधानाध्यापकलाई निवेदन लेख ।

८. तलको भित्तेपात्रो हेर र उत्तर देऊ :

वि.स. २०६५
नेपाल सवत् ११२९

**माघ** Jan/Feb 2009

| | | | | | |
|---|---|---|---|---|---|
| आइतवार SUNDAY | बालबालिकाको संरक्षण गरौं, बाल अधिकारको प्रवद्धन गरौं । | अष्टमी ५ 18 | चतुर्दशी १२ 25 | षष्ठी १९ Feb 1 | चतुर्दशी २६ 8 |
| सोमवार MONDAY | नेपाल सरकार महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय | नवमी ६ 19 | औंसी १३ 26 | सप्तमी २० 2 | पूर्णिमा २७ 9 |
| मंगलवार TUESDAY | unicef | दशमी ७ 20 | प्रतिपदा १४ 27 | अष्टमी २१ 3 | प्रतिपदा २८ 10 |
| वुधवार WEDNESDAY | चतुर्थी १ 14 | एकादशी ८ 21 | द्वितीया १५ 28 | नवमी २२ 4 | द्वितीया २९ 11 |
| विहीवार THURSDAY | पञ्चमी २ 15 | द्वादशी ९ 22 | तृतीया १६ 29 | दशमी २३ 5 | |
| शुक्रवार FRIDAY | षष्ठी ३ 16 | त्रयोदशी १० 23 | चतुर्थी १७ 30 | द्वादशी २४ 6 | |
| शनिवार SATURDAY | सप्तमी ४ 17 | त्रयोदशी ११ 24 | पञ्चमी १८ 31 | त्रयोदशी २५ 7 | |

## प्रश्नहरू

(क) यस महिनामा कति शनिबार छन् ?

(ख) पुस मसान्त र फागुन १ गते कुन कुन बार होलान् ?

(ग) औँसी र पूर्णिमा कति कति गते परेका छन् ?

(घ) यो कुन सालको भित्ते पात्रो हो ?

(ङ) यस भित्ते पात्रोमा कुन कुन संवत् उल्लेख गरिएका छन् ?

(च) यस भित्ते पात्रोमा कुन संस्थाको के सूचना राखिएको छ ?

शिक्षक साथी ! यो क्रियाकलाप गराउँदा तपाईंले अन्य साल र महिनाको भित्ते पात्रो पनि प्रयोग गर्न सक्नुहुन्छ ।

# १६ पाप लाग्छ

- लक्ष्मीप्रसाद देवकोटा

नटिप्नु हेर कोपिला
नचुँड्नु पाप लाग्दछ
नच्यात्नु फूल नानी हो
दया र धर्म भाग्दछ । १ ।

नछोप्नु है चरीबरी
सराप आँसु लाग्दछ
नमार्नु जन्तु है कुनै
बसेर काल जाग्दछ । २ ।

न घाउ चोट लाउनु
सडेर चित्त पाक्दछ
धुलो नखेल्नु नानी हो !
उडेर भित्र ढाक्दछ । ३ ।

हिलो नखेल्नु फोहोरी
खराब दाग लाग्दछ
न चित्त है दुखाउनु
डसेर आँसु बग्दछ । ४ ।

बनेर फूल झैं सधैं
हँसाउनु सुवास दी
सधैं रमाउनु जगत्
रमेर नित्य आश दी । ५ ।



जताततै छ ईश रे
छ सुन्नु त्यो विचार रे
छकाउने लुकाउने
नराख भाव क्यै गरे । ६ ।

## अभ्यास

१. 'पाप लाग्छ' कविता शिक्षकले पढेको सुन र त्यसैअनुसार गति, यति र लयमा समेत ध्यान दिई साथीलाई सुनाऊ ।

२. तलका शब्द प्रस्टसँग उच्चारण गर :

धर्म, आँसु, चोट, चित्त, भित्र, सधैँ, नित्य, जतातत‍ै

३. सच्याएर कापीमा सार :

नानि, चरिवरि, आसु, जनतु, फोर, बिचार, इस, धरम

४. शब्द र अर्थको जोडा मिलाऊ :

| शब्द | अर्थ |
|---|---|
| धर्म | वास्ना |
| चरीबरी | असल काम |
| सराप | चरा चुरुङ्गी |
| जन्तु | जनावर |
| काल | मृत्यु |
| चित्त | कुभलो हुने गाली |
| सुवास | मन |
| जगत् | संसार |
| नित्य | ईश्वर |
| ईश | विचार |
| भाव | सधैँ |

५. कविता पढेर उत्तर भन :

(क) के गरे दया र धर्म भाग्दछ ?

(ख) के गरे काल जाग्दछ ?

(ग) के गरे आँसु बग्दछ ?

(घ) ईश्वर कहाँ छ ?

(ङ) के गरेमा खराब दाग लाग्दैन ?

## ६. उदाहरणका आधारमा उल्टो अर्थ दिने शब्द बताऊ :

उदाहरण : पाप = धर्म

| | | |
|---|---|---|
| खराब = | भित्र = | फोहोर = |
| आश = | नित्य = | सधैँ = |

## ७. छुटेका हरफ लेखी खाली ठाउँ भर :

(क) नच्यात्नु फुल नानी हो !
------ ----- ------ भाग्दछ ।

(ख) ------ ----- ------ कुनै
बसेर काल जाग्दछ ।

## ८. पाठका आधारमा उपयुक्त उत्तर छान :

(क) के जस्तो बन्नु -

(अ) फूल

(आ) कोपिला

(इ) जन्तु

(ई) चरीबरी

(ख) के सुन्नु -

(अ) गीत

(आ) सुबास

(इ) विचार

(ई) समाचार

(ग) घाउ र चोट लाउनाले -

(अ) दया र धर्म भाग्दछ ।

(आ) चित्त पाक्दछ ।

(इ) दाग लाग्दछ ।

(ई) काल जाग्दछ ।

## ९. ठिक बेठिक छुट्याऊ :

(क) कोपिला चुँड्नु हुँदैन ।

(ख) फूल टिप्नु हुँदैन ।

(ग) चरीबरीलाई चारो दिनुपर्छ ।

(घ) चरीबरीलाई छोप्नुपर्छ ।

(ङ) जनावर पाल्नु हुन्छ ।

(च) जनावरलाई मार्नु हुन्छ ।

(छ) हिलोधुलो खेल्नु हुन्छ ।

(ज) चित्त दुखाउनु हुन्छ ।

## १०. तलका शब्दलाई वाक्यमा प्रयोग गर :

पाप, फूल, काल, दाग, सुवास, भाव, फोहोरी

## ११. कविता पढेर उत्तर लेख :

(क) चराचुरुङ्गी छोप्दा के हुन्छ ?

(ख) धुलो, हिलो र फोहोर खेले के हुन्छ ?

(ग) कवितामा फूल झैँ बनेर के गर्नु भनिएको छ ?

(घ) हामीले कस्तो भाव राख्नुहुन्न ?

(ङ) के के गरेमा पाप लाग्छ ?

(च) किन पाप लाग्ने काम गर्नुहुन्न भनिएको होला ?

## १२. तलका पङ्क्तिको अर्थ लेखेर शिक्षकलाई देखाऊ :

जताततै छ ईश रे<br>
छ सुन्नू त्यो विचार रे<br>
छकाउने लुकाउने<br>
नराख भाव क्यै गरे ।

१३. 'पाप लाग्छ' कवितामा के के नगर्नु भनिएको छ, त्यसबारेमा साथीसँग कुराकानी गर ।

१४ फुलका बारेमा एक अनुच्छेद लेख ।

१५. पढ र बुझ :

| | |
|---|---|
| भाइ आयो ।<br>बहिनी आई । | भाइ र बहिनी आए । |
| म फूल टिप्छु ।<br>म कोपिला टिप्तिनँ । | म फूल टिप्छु तर कोपिला टिप्तिनँ । |
| गुरुले पढाउनुभयो ।<br>गुरुले खेलाउनुभयो । | गुरुले पढाउनुभयो अनि खेलाउनुभयो । |
| पाठ पढ ।<br>खेल खेल । | पाठ पढ अथवा खेल खेल । |

१६. तलका दुई वाक्यलाई एकै वाक्यमा जोड :

सीता गीत गाउँछे ।      रीता नाच्छे ।

(क) ------------------------------------

भाइ पढ्छ ।      भाइ खेल्छ ।

(ख) ------------------------------------

तिमी आऊ ।      ऊ जान्छ ।

(ग) ------------------------------------

१७

# पछुतो



एक दिन बिहान नुवाइधुवाइ सकेर धनपति बाजे पूजापाठ गर्न थाले । यत्तिकैमा तल्लो गाउँको मसिने टुप्लुक्क आइपुग्यो ।

"किन आइस् त मसिने ! बिहान बिहान !"

"किन भन्नु बाजे ! स्वास्नी सुत्केरी भ'को नौ दिन भो । छोराको न्वारन गरिदिनुपर्‍यो भनेर बोलाउन आ'को !" मसिनेले भन्यो ।

"मैले तेरा छोराको न्वारन गर्ने ! म तेरा घरमा खान्नँ, घरमा पस्दिनँ, तँलाई छुन्नँ भन्ने थाहा छैन ! अरू नै खोजेर लगा, जा !" धनपति कड्किए । विचरा मसिने के गरोस् ! विरोध गर्न सकेन । नबोली घर फर्क्यो ।

"आ आफैँ गर्छु न्वारन ! फुपाजूले न्वारनको किताब दिएकै छन् । त्यही राखेर आफैँ नाम राखिदिन्छु । मलाई पाप नलाग्ला नि ! पुरेत नमानेको त्यस दैवलाई पनि त थाहा होला नि !" मसिने एक्लै बर्बरायो ।

बिहानै उठेर मसिनेले पूजाका सामग्री तयार पा-यो । आफ्नी पत्नीलाई पनि सबै कुरा बतायो । भुइँ लिपेर आफूले जानेअनुसार सबै सामान राख्यो । न्वारन गराउने किताब पनि राख्यो र त्यसैलाई पूजा गर्दै भन्न थाल्यो, "हे विधाता ! म संस्कार लत्याउन सक्दिनँ । आफू कर्म पनि जान्दिनँ । पण्डित मानेनन् । म आफैँ यसको नाम राख्दै छु ।" ऊ पत्नीतिर फर्क्यो, एकपल्ट छोराको अनुहार हे-यो र हात जोरेर के के सम्झँदै आवाज निकाल्यो, "यसको नाम मैले बेनाम राखिदिएँ ।"

"नाम त ठुलाबडाको जस्तै राख्नुपर्छ, होइन र ! कस्तो नौलो नाम सोचेको !" बेनामकी आमा मुसुक्क मुस्काई ।

एक कान, दुई कान मैदान हुँदै गाउँभरि हल्ला फिँजियो । धेरैले धनपतिले राम्रो गरेनन् भनी कुरा काटे । केहीले मसिने बहुलायो भन्दै उसको पनि विरोध गरे ।



तिन महिना बित्यो । एक दिन पण्डित बिरामी परे रे भन्ने गाइँगुइँ सुनियो । “अस्पताल लाने रे ! ठुलै रोग लाग्यो रे !” भन्दै पँधेर्नीले कानेखुसी गरेको पनि सुन्न थालियो ।

नभन्दै अर्को दिन स्ट्रेचरमा धनपतिलाई बोकेर दुई चार जना मानिस अस्पतालतिर लागे । पण्डितनी पनि पछि पछि लागिन् ।

डाक्टरले धनपतिलाई राम्ररी जाँचे र भने, “रोग निकै बढेछ । औषधीले मात्र हुँदैन । उहाँको शल्यक्रिया नै गर्नुपर्छ । उहाँको समूह मिल्ने रगत खोज्नुहोस् । अनि म शल्यक्रिया गरिदिन्छु ।” डाक्टरले किन्नुपर्ने सामग्री र परीक्षण गर्नुपर्ने चिजबिजको नाम लेखिएको सूची दिँदै भने ।

“कहाँ खोज्ने होला रगत ! बाको समूहको रगत पाउनै गारो छ रे ! चिनेजानेका कसैको रगत मिलेन । बालाई झन् गारो हुँदै छ । के गर्ने होला !” अर्को दिन धनपतिका छोराले आमासामु समस्या राख्यो । उनले पनि केही भन्न सकिनन्, घोरिइरहिन् । यो खबर डाँडागाउँभरि फैलियो । गाउँका केही मानिस रगत दिन तयार भए तर उनीहरूको रक्त समूह मिलेन ।

“ए बुढी ! पण्डित मर्ने भए रे ! मेरो पो रगत मिल्थ्यो कि ! हुन त पण्डितलाई गुन गर्नु व्यर्थ छ तापनि ढुङ्गाको भर माटो, माटाको भर ढुङ्गो भन्छन् । एउटै गाउँमा बसिएको छ, तिनले मलाई बेवास्ता गरे भन्दैमा मैले पनि त्यसै गर्न सुहाउँछ र ! म अस्पताल जानुपर्‍यो । सातुसामल बोकेर हिँडें भने बेलुकासम्ममा त पुगिएला । भोलि जानुपर्‍यो ।”

बुढीले पुरानो कुरा सम्झेर विरोध गर्न खोजी तर लोग्नेको ढिपी अगाडि उसको केही लागेन । भोलिपल्ट बिहान भालेको डाकमै मसिने अस्पतालतिर लाग्यो ।

“कस्तो छ पण्डितलाई ! उहाँलाई बचाउनुपर्छ । जति रगत चाहिन्छ, म दिन्छु । डाक्टर साहेब ! उहाँलाई बचाउनुहोस् ।” पण्डितलाई हेर्दै मसिनेले डाक्टरसँग छिटो छिटो आफ्ना कुरा बतायो ।

पण्डित बेहोस थिए । रगत नभएकाले उनको उपचार हुन सकेको थिएन । मसिने आउनासाथ डाक्टरले उसको रगत जाँचे । पण्डितको समूहसँग उसको रगतको समूह मिल्यो । पण्डितको शल्यक्रिया सफलतापूर्वक सम्पन्न भयो । मसिनेले होस नखुलुन्जेल उनलाई नै हेरिरह्यो । होस खुलेपछि ऊ घरतिर लाग्यो ।

दुई तिन दिनमा पण्डित राम्ररी निको भए । उनलाई सान्त्वना दिँदै डाक्टरले भने, "पण्डित बा ! अब त ठिक भइहाल्यो नि ! मसिने दाइले रगत नदिएको भए त ... ।" डाक्टरले अरू कुरा भनेनन् । पण्डित्नीले सबै कुरा बताइदिइन् ।

कुरा सुन्दा एकपल्ट त पण्डित झसङ्ङ भए तर तुरुन्तै सम्हालिए । उनको अनुहारमा पश्चात्तापको भाव स्पष्ट देखिन्थ्यो ।



केही दिनपछि पण्डित घर फर्के । उनलाई मसिनेको छोरो हेरूँहेरूँ लाग्यो ।

अस्पतालबाट फर्कँदा उनले मसिनेका छोरालाई भनी एउटा भोटो पनि ल्याएका थिए । त्यही बोकेर उनी बाटैबाट मसिनेका घरतिर लागे ।

"ए पण्डित बा, आउनुभयो, यता बसौँ ।" पिँढीमा राडी ओच्छ्याउँदै मसिनेले ढोग गऱ्यो ।

"कहाँ यहाँ बस्छु, भित्रै बस्छु । मैले तेरा घरमा पस्दिनँ, खान्नँ भनेर तेरो ठुलो अनादर गरेँ । मलाई सारै पछुतो भयो । आज म तेरा छोरालाई सुमसुम्याएर माफी माग्न आएको ! माफी दिन्छस् हैन ? अब म यो छुवाछुतको भावना त्यागिदिन्छु ।" पण्डित सरासरभित्र पसे ।

पण्डितले बेनामलाई सुमसुम्याए र मसिनेतिर फर्केर भने, "कति सुन्दर छोरो !

अब म यसलाई पढाएर पण्डित बनाउँछु ।" उनले आफूले ल्याएको भोटो मसिने की श्रीमतीलाई दिँदै भने, "यसलाई लगाइदेऊ ।"

"मसिने ! म पढेर पनि मूर्ख रहेछु ! तँ नपढेर पनि विद्वान् रहिछस् । तैँले मलाई जीवनको ठुलो पाठ पढाइस् । अब म तँलाई कहिल्यै अनादर गर्दिनँ । तँ नभ( एको भए म मर्ने रहेछु नि ! रगत सबैको रातै हुँदो रहेछ । मैले यो बुझिनछु । आखिर सबै मानिस समान हुन् नि, हैन र ?" उनले मसिनेलाई गम्ल्याङ्ङ अँगालो मारे । दुवैका आँखामा आँसु टिलपिलाए ।

मसिनेकी श्रीमतीले पण्डितलाई एक गिलास तातो चियाले सत्कार गरी ।

## अभ्यास

**१. शिक्षकले भनेको सुन र भन :**

प्रसिद्धि, व्यवस्था, अस्पताल, शल्यक्रिया, ढिपी, सान्त्वना, न्वारन, सामग्री, कर्म, स्ट्रेचर, भ्रूसङ्ङ

**२. 'पछुतो' कथा पालैपालो पढेर सुनाऊ ।**

## ३. शब्द र अर्थको जोडा मिलाऊ :

| शब्द | अर्थ |
|---|---|
| न्वारन | कुनै सोचमा पर्नु |
| विरोध | संस्कृति, चलिआएको चलन |
| दैव | सृष्टि गर्ने व्यक्ति |
| विधाता | पछुतो |
| संस्कार | काम, विधि |
| कर्म | आफूले गरेका कामको विरोध गर्दै कुरा गर्नु |
| बेनाम | भगवान् |
| कुरा काट्नु | खण्डन |
| स्ट्रेचर | नाम नभएको, विनानामको |
| शल्यक्रिया | चिरफारद्वारा उपचार गर्ने काम |
| परीक्षण | चार जनासम्मले बोक्न मिल्ने बिरामी बोक्ने पाल्की |
| घोरिनु | जाँच्ने काम |
| रक्त समूह | काँधमा तुना बाँध्न मिल्ने बच्चाले लाउने लुगा |
| सातुसामल | बाटामा खाने खाजा चामल |
| पश्चात्ताप | नाम राख्ने संस्कार |
| भोटो | रगतको समूह (रगत ए, बी, एबी र ओ समूहको हुन्छ ।) |

## ४. उत्तर भन :

(क) पण्डितलाई कसले बोलायो ?

(ख) न्वारन कसले गऱ्यो ?

(ग) मसिनेले छोराको नाम के राख्यो ?

(घ) पण्डितको उपचारमा किन ढिलाइ भयो ?

(ङ) पण्डितलाई किन पछुतो भयो ?

## ५. सच्याएर कापीमा सार :

टुपलुक्क, कड्किए, भूइँ, पन्डित, सामग्री

## ६. शिक्षकबाट तलको अनुच्छेद सुन र लेख :

"ए पण्डित बा, आउनुभयो, यता बसौँ ।" पिँढीमा राडी ओच्छ्याउँदै मसिनेले ढोग गऱ्यो । "कहाँ यहाँ बस्छु, भित्रै बस्छु । मैले तेरा घरमा पस्दिनँ, खान्नँ भनेर तेरो ठुलो अनादर गरेँ । मलाई सारै पछुतो भयो । आज म तेरा छोर लाई सुम्सुम्याएर माफी माग्न आएको ! माफी दिन्छस् हैन ? अब म यो छुवाछुतको भावना त्यागिदिन्छु ।" पण्डित सरासरभित्र पसे ।

## ७. अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर :

संस्कार लत्याउनु; गाइँगुइँ सुनिनु; चिन्तामा डुब्नु; कुरा काट्नु;
ढुङ्गाको भर माटो; माटाको भर ढुङ्गो; पश्चाताप हुनु;
आँखामा आँसु टिलपिलाउनु

## ८. कसले कसलाई भनेको हो, लेख :

(क) स्वास्नी सुत्केरी भ'को नौ दिन भो ।

(ख) मलाई पाप नलाग्ला नि !

(ग) उहाँको समूह मिल्ने रगत खोज्नुहोस् ।

(घ) ए बुढी ! पण्डित मर्ने भए रे !

(ङ) तँ नभएको भए म मर्ने रहेछु नि ! रगत सबैको रातै हुँदो रहेछ ।

## ९. तलका प्रश्नको उत्तर देऊ :

(क) धनपतिले मसिनेको छोराको न्वारन गर्न किन मानेनन् ?

(ख) मसिनेले छोराको न्वारन कसरी गऱ्यो ?

(ग) पण्डितकी पत्नी र छोरो किन चिन्तित भए ?

## १०. तलका भनाइ पढ र तिनको अर्थ लेखेर शिक्षकलाई देखाऊ :

(क) पण्डित नमानेको त्यस दैवलाई पनि त थाहा होला नि !

(ख) तिनले मलाई बेवास्ता गरे भन्दैमा मैले पनि त्यसै गर्न सुहाउँछ र !

(ग) अब म यो छुवाछुतको भावना त्यागिदिन्छु ।

(घ) रगत सबैको रातै हुँदो रहेछ ।

## ११. खाली ठाउँमा मिल्ने शब्द लेख :

(क) बा .......... समूहको रगत पाउन गारो छ रे ! (लाई, सँग, को)

(ख) घर .......... फूलबारी छ । (भित्र, बाहिर, सँग)

(ग) म यहाँदेखि त्यहाँ .......... पनि हिँड्न सक्दिनँ । (देखि, लाई, सम्म)

(घ) म तेरा छोरा .......... सुमसुम्याएर माफी माग्न आएको !
(सँग, लाई, मा)

(ङ) पण्डित .......... बेनामलाई सुमसुम्याए । (लाई, ले, बाट)

## १२. उदाहरण हेरी तलका वाक्यहरूको ढाँचा बदल :

उदाहरण : उनको परिवारले नाम कमाएको थियो ।
उनको परिवारले नाम कमाएको छ ।

(क) मैले रेडियोमा गीत सुनेको थिएँ ।

(ख) पण्डितनी पनि पछि पछि लागेकी थिइन् ।

(ग) रामले रमालाई पैसा सापटी दिएको थियो ।

(घ) मेरो कलम हराएको थियो ।

(ङ) म शैक्षिक भ्रमणमा गएको थिएँ ।

## १३. उदाहरण हेरी परिवर्तन गर :

उदाहरण : डाक्टरले धनपतिलाई जाँचे ।
डाक्टरले धनपतिलाई जाँचेनन् ।

(क) घाम लाग्यो ।

(ख) भाइ आज आउला ।

(ग) म नेपाली पढ्दै छु ।

(घ) घरमा बुबा हुनुहुन्छ ।

(ङ) बोटमा फल पाकेको छ ।

# १८ बालबालिकाका अधिकार

म बालक हुँ । म सानो छु तर ठुला कुरा बुझ्न चाहन्छु । म सिक्न चाहन्छु । मैले मेरो जीवनलाई सार्थक बनाउनु छ । जीवन सार्थक तुल्याउन नसके म मान्छे भएको काम लाग्दैन ।



मानिसहरू मलाई कोपिला भन्छन् । शिक्षकहरू फुल्नुपर्छ भन्नुहुन्छ । म फुल्न चाहन्छु । फुलेर बास्ना छर्ने मेरो इच्छा छ । कोपिला फूल बनेन भने त्यसले बास्ना छर्न सक्दैन । बास्ना छर्न नसक्ने फूल मानिसको आँखामा पर्दैन । मेरो फूलको जस्तो बास्ना फैलिँदैन तर म नाम फैलाउन सक्छु । काम गरेर सबैलाई चकित तुल्याउन सक्छु । म मरेर पनि बाँच्न चाहन्छु । सबै बालक पढ्न चाहन्छन् । सबैमा सिक्ने उत्साह छ । सबैमा कुनै न कुनै प्रतिभा छ । सबैले प्रतिभा विकास गर्न पाउनुपर्छ । प्रतिभाको विकासले प्रसिद्धि मिल्छ ।

मानिसहरू हामीलाई बुझ्दैनन् । म जस्ता कति बालकहरू धनीमानीकहाँ काम गर्छन् । उनीहरू बाल श्रमिक र घरेलु कामदार बनेका छन् । केही बालबालिका कमैया बनेका छन् । सडक बाल बालिकाका रूपमा केही भौँतारिरहेका छन् । केही व्यक्तिले हामी जस्तै बाल बालिका अपहरण गरेर पैसाको कारोबार समेत गरेका छन् । विरोध गरेमा हाम्रो सुरक्षा छैन । त्यसैले हामी जस्ता धेरै चुपचाप अन्याय सहेर बसेका छन् । बाल अधिकार सम्बन्धी काम गर्ने संस्थाहरू हाम्रो संरक्षण गर्छन् । उनीहरू

हामीलाई शिक्षा दिन्छन् । हामीलाई सचेत गराउँछन् । हाम्रा अधिकारका बारेमा कुरा गर्छन् । उनीहरूको भनाइ छ - हामीले अन्याय सहनुहुन्न । हामीलाई घरायसी कामदार बनाएर दमन गर्न पनि पाइँदैन । हाम्रो प्रतिभालाई दबाउने अधिकार कसैलाई छैन । यसो भएमा हामीले यसको विरोध गर्न र उजुर गर्न सक्छौँ । यसप्रति हामी सचेत हुनुपर्छ । बाल अधिकारका लागि हामीले घरैबाट सङ्घर्ष गर्नुपर्छ । समाज र देशभर हाम्रा विचार फिँजाउनुपर्छ । हामीलाई सघाउने हाम्रा अग्रजबाट पाठ सिकेर हाम्रा शत्रुको विरोध गर्नुपर्छ । आफूलाई परेको अन्याय साथीलाई पनि भन्नुपर्छ । साथीहरूले पनि हामीलाई सहयोग गर्छन् । हामी मिल्यौँ भने सबैले हाम्रा कुरा सुन्छन् । समूहमा छलफल गर्नाले हाम्रो ज्ञान बढ्छ । हामीलाई हेप्नेहरू पनि



तर्सन्छन् । हामी अधिकार पाउँछौँ । यसो भए मात्र हामी आफ्नो नाम फैलाउन सक्छौँ । बालक भएर बाँच्न सक्छौँ ।

म आफ्ना अधिकारप्रति सचेत हुँदै छु । हामी सबै सचेत हुनुपर्छ । मैले सक्ने काम म आफैँ गर्छु तर जबर्जस्ती गरेको सहन्न, विरोध गर्छु । हामीले यसै गर्नुपर्छ । मैले अधिकार नपाए म अधिकारका लागि आवाज उठाउँछु । सबैले यसै गर्नुपर्छ ।

ठुलाबडाहरू आफ्ना अधिकारका कुरा गर्छन् । मानव अधिकार भनी कुर्लन्छन् । उनीहरू बाल अधिकारका पनि कुरा गर्छन् । उनीहरू बालक देशका कर्णधार हुन् भन्छन् । उनीहरूले बाल अधिकारबारेमा सन्धि र सम्झौता पनि गरेका छन् । हामीले तिनको पालनामा जोड दिनुपर्छ । हामीले आफूलाई सक्षम तुल्याउनुपर्छ । हाम्रा परिवारले पनि हामीलाई समान अवसर दिनुपर्छ । हामीले बाँच्न र खेल्न पाउनुपर्छ । हामी सबैले पढ्न पाउनुपर्छ ।

## १. पढेर सुनाऊ :

(क) इच्छा, बाल श्रमिक, ठुलाबडा, सार्थक, सङ्घर्ष, सम्झौता, सक्षम

(ख) म बालक हुँ । म सानो छु तर ठुला कुरा बुझ्न चाहन्छु । म सिक्न चाहन्छु । मैले मेरो जीवनलाई सार्थक बनाउनु छ । जीवन सार्थक तुल्याउन नसके म मान्छे भएको काम लाग्दैन ।

## २. सच्याएर कापीमा सार :

सार्थक, पर्तिभा, सम्बन्धि, संगर्ष, अदिकार

## ३. शब्द र अर्थको जोडा मिलाऊ :

| शब्द | अर्थ |
|---|---|
| सार्थक | हौसला |
| उत्साह | मान्छेको हक |
| प्रसिद्धि | सुरक्षा |
| बाल श्रमिक | अर्काको घरको काममा राखिएका बालबालिका |
| कमैया | सफल |
| संरक्षण | नोकरको रूपमा काम गर्ने किसान |
| सचेत | मौका |
| उजुर | प्रचार |
| मानव अधिकार | पोख्त |
| बाल अधिकार | कसैसँग पिरमर्का पोख्ने काम |
| कर्णधार | मेलमिलाप |
| सन्धि | बालकको हक |
| अवसर | जागरुक |

## ४. वाक्यमा प्रयोग गर :

सार्थक तुल्याउनु, आँखामा पर्नु, चकित तुल्याउनु, अपहरण गर्नु, संरक्षण गर्नु, सचेत गराउनु, सङ्घर्ष गर्नु, पाठ सिक्नु, हनन हुनु, अन्याय सहनु, दमन गर्नु, विरोध गर्नु

## ५. पाठको अन्तिम अनुच्छेद पढ र उत्तर भन :

(क) हामी केप्रति सचेत हुनुपर्छ ?

(ख) कसैले जबर्जजस्ती गरे किन विरोध गर्नुपर्छ ?

(ग) ठुलाबडा केका कुरा गर्छन् ?

(घ) हामी कसरी आफ्ना अधिकार पाउन सक्छौँ ?

(ङ) बाल अधिकार भनेको के हो ?

## ६. तलका भनाइ पढ र तिनको अर्थ लेखेर शिक्षकलाई देखाऊ :

(क) कोपिला फुल बनेन भने त्यसले बास्ना छर्न सक्दैन ।

(ख) बाल अधिकारका लागि हामीले घरैबाट सङ्घर्ष गर्नुपर्छ ।

(ग) मैले अधिकार नपाए म अधिकारका लागि आवाज उठाउँछु ।

## ७. तलका प्रश्नको उत्तर लेख :

(क) बालक के के गर्न चाहन्छ ?

(ख) बालकले कसरी दु:ख पाएका छन् ?

(ग) मानिसहरूले बालकलाई कुन कुन काम लगाउँछन् ?

(घ) के भएमा बालकले उजुर गर्न सक्छन् ?

(ङ) बालबालिकाले के के गर्न पाउनुपर्छ ?

८. उदाहरण हेरी वाक्य परिवर्तन गर :

| म काम गर्न सक्दिनँ । | तँ काम गर्न सक्दैनस् । | ऊ काम गर्न सक्दैन । |
|---|---|---|
| (क) म असल बन्छु । | ............. | ............. |
| (ख) म सानो छु । | ............. | ............. |
| (ग) म पढ्न सक्छु । | ............. | ............. |
| (घ) म मेरो अधिकारप्रति सचेत छु । | ............. | ............. |
| (ङ) म देश बनाउँछु । | ............. | ............. |

९. तिम्रो टोल छिमेकमा कुनै बालकले दु:ख पाइरहेका होलान् । तिनले कसरी दु:ख पाएका छन्, कक्षामा सुनाऊ ।

१० टोल छिमेकमा कसैले बालबालिकालाई दु:ख दिएका हुन सक्छन् । बालबालिकालाई दु:ख दिनहुन्न भनी तिनीहरूलाई सम्झाउनुपरे तिमी के सल्लाह दिन्छौ, पाँच वाक्य लेख ।

११. रेडियो वा टेलिभिजनमा उपयोगी कार्यक्रम सुन र त्यसका बारेमा कक्षामा बताऊ ।

१२. किसान शीर्षकमा तिमीले जानेका कुरा लेखी शिक्षकलाई देखाऊ ।

१३ तलको समाचार पढ र उत्तर देऊ :

भदौ २९ गते,

आज बालदिवस हो । नेपाल सरकारले २०६३ सालदेखि भदौ ४ गतेका सट्टा भदौ २९ गते बाल दिवस मनाउने निर्णय गरेको छ । यसैले यो दिवस नयाँ ढङ्गले मनाउन थालिएको छ । यस वर्ष भाग्योदय प्राथमिक विद्यालयका विद्यार्थीले बाल अधिकार शीर्षकमा बोल्ने प्रतियोगिता आयोजना

गरे । प्रतियोगितामा विद्यार्थीले प्रभावकारी ढङ्गले आफ्ना विचार प्रकट गरे । यस अवसरमा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष डम्बर कटुवालले विद्यार्थीलाई पुरस्कार वितरण गर्नुभयो ।

प्रश्नहरू :

(क) बालदिवस कहिले मनाइन्छ ?

(ख) विद्यार्थीले कुन प्रतियोगिता आयोजना गरे ?

(ग) विद्यार्थीले कस्ता विचार राखे ?

(घ) कसले विद्यार्थीलाई पुरस्कार बाँडे ?

(ङ) कस्ता विद्यार्थीहरूले पुरस्कार पाए होलान् ?

(च) बालदिवस किन मनाइएको होला ?

१६

# लक्ष्य

– पारसमणि प्रधान

खालि एउटै लक्ष्य लिएर
मानिस जो अघि बढ्छ ।
निश्चय उसको उन्नति हुन्छ
उन्नति पथमा चढ्छ ।। १ ।।

कार्य कुनै होस् एक चित्त भई
जसले गर्दछ काम ।
सफल मनोरथ उसकै हुन्छ
उसकै चल्छ नाम ।। २ ।।

लक्ष्य भएको मानिस साँच्चै
अर्जुन जस्तै हुन्छ ।
लक्ष्य विनाको मानिस जगमा
काम नलाग्ने हुन्छ ।। ३ ।।

शक्ति लक्ष्यको जसले बुझ्छ
अनि उही माफिक गर्छ ।
मनको धोको उसको पुग्छ
धीत पनि उसको मर्छ ।। ४ ।।

लक्ष्यबिनाको मानिस हुन्न
लक्ष्य भएको हुन्छ ।
लक्ष्यबिनाको मानिस साँच्चै
वानर जस्तै हुन्छ ।। ५ ।।

एक लक्ष्य होस् एक चित्त होस्
तब पो मानिस हुन्छ ।
वरपर दशतिर मन जसको छ
मानिस कसरी हुन्छ ? ६ ।।



१. 'लक्ष्य' कविता शिक्षकले पढेको सुन र त्यसैअनुसार पढेर साथीलाई पनि सुनाऊ ।

२. तलका शब्द प्रस्टसँग उच्चारण गर :

लक्ष्य, उन्नति, कार्य, शक्ति, धोको, धीत, वानर

३. सच्याएर कापीमा सार :

उस्को, येउटै, बीना, तव, वर पर, मानीष, कशरि, उनति, निस्चय

४. शब्द र अर्थको जोडा मिलाऊ :

| शब्द | अर्थ |
| --- | --- |
| खालि | उद्येश्य |
| लक्ष्य | पक्का |
| निश्चय | मात्र |
| उन्नति | प्रगति |
| पथ | काम |
| कार्य | बाटो |
| मनोरथ | मनको इच्छा |
| जग | बल |
| शक्ति | सन्तुष्टि |
| धोको | संसार |
| धीत | इच्छा |

५. उदाहरणका आधारमा भन :

उदाहरण : बढ्नु = बढ्छ

चढ्नु =

हुनु =

गर्नु =

भन्नु =

## ६. उदाहरणका आधारमा उल्टो अर्थ दिने शब्द लेख :

उदाहरण : चढ्छ = ओर्लन्छ

सफल =

साँचो =

वर =

अघि =

निश्चय =

उन्नति =

## ७. छुटेका हरफ लेखी खाली ठाउँ भर :

(क) .......................... लिएर

मानिस जो ........................ ।

निश्चय ..................... हुन्छ

.............................. चढ्छ ।।

(ख) ........................

अर्जुन जस्तै हुन्छ ।

........................

काम नलाग्ने हुन्छ ।।

## ८. तलका शब्दहरूको फरक अर्थ बुझ :

(क) खाली = रित्तो
खालि = मात्र

(ख) दिन = दिउँसो
दीन = दु:खी

(ग) नाउ = डुङ्गा
नाऊ = कपाल काट्ने मानिस

(घ) फेरी = बाजा विशेष
फेरि = अर्को पटक

(ङ) जाति = जात
जाती = असल

## ९ तलका शब्दलाई वाक्यमा प्रयोग गर :

उन्नति, पथ, चित्त, नाम, काम, मन, साँच्चै

## १०. कविता पढ र उत्तर भन :

(क) कसको उन्नति हुन्छ ?

(ख) को उन्नति पथमा चढ्छ ?

(ग) को सफल हुन्छ ?

(घ) कसको नाम चल्छ ?

(ङ) कस्तो मानिस वानर जस्तो हुन्छ ?

## ११. पढ र लेख :

लक्ष्यबिनाको मानिस हुन्न
लक्ष्य भएको हुन्छ ।
लक्ष्यबिनाको मानिस साँच्चै
वानर जस्तै हुन्छ ।

## १२. तलका प्रश्नको उत्तर देऊ :

(क) किन एउटै लक्ष्य लिनु आवश्यक छ ?

(ख) एकचित्त भई काम गर्नाले के फाइदा हुन्छ ?

(ग) मानिसका लागि लक्ष्यको किन महत्त्व हुन्छ ?

(घ) लक्ष्य नभएको मानिस कस्तो हुन्छ ?

## १३. उदाहरणका आधारमा खाली ठाउँ भर :

| | | |
|---|---|---|
| म कापी किन्छु । | मैले कापी किनेँ । | म कापी किन्ने छु । |
| तिमी ---- --- । | ---- ----- ---। | ---- ----- ---- । |
| ऊ ---- ---- । | ---- ----- ---। | ---- ----- --- । |

## १४. 'आफ्नो जीवनको लक्ष्य' शीर्षक दिएर राम्रा अक्षर पारी एक अनुच्छेद लेख।

# २० सत्यकामको अठोट

जङ्गलको बिचमा महर्षि गौतमको आश्रम थियो । त्यस आश्रममा गौतम ऋषि आफ्ना चेलाहरूलाई शिक्षा दिन्थे । उनी सबै चेलालाई ज्यादै स्नेहले पढाउँथे । एक दिन सधैँ झैँ महर्षि आफ्ना चेलाहरूलाई शिक्षा दिइरहेका थिए । अकस्मात् एउटा बालक गुरु गौतमका अगाडि टक्क उभिन आयो । बालकलाई देखेर गौतम ऋषि र चेलाहरू छक्क परे । गौतम ऋषिका चेलाहरू एक आपसमा कानेखुसी गर्न थाले । बालकले लगाएका लुगा हेर्दा ऊ ज्यादै गरिब देखिन्थ्यो । उसका लुगा च्यातिएका र टालिएका थिए ।

यस्तो अवस्थामा आएको बालकसँग ऋषिले मायालु स्वरमा सोधे, "बाबु, यहाँ किन आयौ ? मबाट हुन सक्ने काम छ भने भन, म गरिदिन्छु ।"

बालकले जवाफ दियो, "गुरु, मलाई तपाईँसँग पढ्ने इच्छा छ । मलाई आफ्नो चेलो बनाउनुहोस् र शिक्षा दिनुहोस् । यही कुरा भन्न आएको हुँ ।"



यति कुरा सुनेपछि ऋषिले भने, "हेर बाबु, तिमीले पढ्ने इच्छा राखेछौ । तिमीलाई म पढाउँछु । अँ, एउटा कुरो त मैले सोध्नै बिर्सेको; तिमी कसका छोरा हौ बाबु ?"

यो कुरा सुनेपछि बालक एकछिन अलमलियो । बालकले भुइँतिर निहुरेर जवाफ दियो, "गुरु, मलाई मेरा बुबाका बारेमा केही थाहा छैन । मलाई पढ्न मन लाग्यो, त्यसैले म यहाँ आएको हुँ ।" बालकको यस्तो कुरा सुनी त्यहाँका चेलाहरू हाँस्न थाले ।

चेलाहरू त्यस बालकलाई गिज्याउन थाले । केहीले बाबु नभएको छोरो भनेर घोचपेच गर्न थाले । केहीले त हामीसँग पढ्नै सक्तैन समेत भने । आफ्ना चेलाहरूका कुरा सुनी ऋषिले पनि केही भन्न सकेनन् । बालकले ऋषि र चेलाहरूतिर हेर्दै भन्यो, "ठिक छ, म आमासँग बुबाको नाम सोधुँला । अनि मात्र तपाईंहरूसँग पढ्न बसुँला ।"



यति भनी बालक सरासर आफ्नो घर फर्क्यो । उसले आफू ऋषिको आश्रममा गएको कुरा आमालाई सुनायो । आमाले सबै कुरा सुनेपछि भनिन्, "हेर बाबु, पढ्ने ठाउँमा अनावश्यक कुरा सोधिन्छ भने त्यस ठाउँमा पढेर के काम ? बरु तिमी अन्तै पढौला ।"

आमाको कुरा सुनेपछि पनि बालकले त्यही आश्रममा पढ्ने ढिपी गऱ्यो । बालकले बुबाको नाम र कुलघरान बताउनुहोस् भनी जिद्दी गर्न थाल्यो । बालकले ज्यादै ढिपी गरेपछि आमाले भनिन्, "हेर बाबु, तिमीले ऋषिलाई यति मात्र भन्नु, म जाबालाको छोरो हुँ ।" बालक हुन्छ भन्दै आश्रमतिर गयो । बालकले ऋषिका आश्रममा गई त्यही कुरा सुनायो, जुन आमाले सिकाएकी थिइन् । त्यहाँका चेलाहरूले बालकलाई फेरि पनि गिज्याउन थाले किनभने बालकले बुबाको नामको सट्टा आमाको नाम भनेको थियो ।

महर्षि गौतमले विचार गरे, "जुन बालकले पढ्ने इच्छा राख्छ, ऊ असल हुन्छ । यो बालक पक्कै पनि पछि असल मान्छे हुन्छ । यसलाई मैले शिक्षा दिनै पर्छ" । ऋषिले त्यस बालकलाई अँगालो मार्दै भने, "तिम्रो इच्छा देखेर म खुसी भएँ । तिमीलाई म आफ्नो चेलो बनाउँछु । तिमी आजैदेखि पढ्न थाल । आजदेखि तिम्रो नाम पनि सत्यकाम भयो ।" उनले अरू चेलातिर फर्केर भने, "हेर बाबु हो ! आफूलाई चिनाउन बाबुकै मात्र नाम भन्नुपर्दैन । आमाको पनि त आफ्ना सन्तानप्रति त्यत्तिकै हक हुन्छ ।"

सत्यकाम प्रतिभाशाली थिए । उनले युवा अवस्थामै धेरै शास्त्रहरूको अध्ययन गरे । उनी ठुला ज्ञानी र विद्वान् भए ।



मान्छे प्रतिभाशाली र विद्वान् हुनलाई अवसर पाउनुपर्छ । राम्रो अवसर पाए जो पनि असल मान्छे हुन सक्छ । यसका लागि परिश्रम, लगन र कर्तव्यलाई महत्त्व दिनुपर्छ । गुरुको धर्म पनि बालकको प्रतिभा विकास गर्न मदत गर्नु हो ।



## अभ्यास

१. **सुन र भन :**

महर्षि, टक्क, ऋषि, आश्रम, विद्वान्, प्रतिभा, लगन, योग्य, वंश

२. **'सत्यकामको अठोट' कथा पढ र कक्षामा सुनाऊ ।**

३. **तिमीले जानेको एउटा कथा सुनाऊ ।**

४. **सच्याएर कापीमा सार :**

सोर, कर्तब्बे, आस्रम, तेसैले, गुरु, रिषी, सिछ्या, एति, इछ्या, गउतम

## ५. शब्द र अर्थको जोडा मिलाऊ :

| शब्द | अर्थ |
|---|---|
| महर्षि | तन्नेरी अवस्था |
| आश्रम | किताब |
| चेला | मिहिनेती |
| शिक्षा | मिहिनेत |
| प्रतिभाशाली | शिष्यहरू |
| युवा अवस्था | ठुला ऋषि |
| शास्त्र | ज्ञान |
| लगन | कुटी |

## ६. उत्तर भन :

(क) महर्षि गौतमको आश्रम कहाँ थियो ?

(ख) गौतम आफ्ना चेलालाई कसरी पढाउँथे ?

(ग) गौतम ऋषिका चेलाले किन कानेखुसी गरे ?

(घ) गुरुको धर्म के हो ?

(ङ) असल हुन के गर्नुपर्छ ?

## ७. तलका कुरा कसले, कसलाई, किन भनेको हो, भन :

(क) बाबु, यहाँ किन आयौ ?

(ख) मलाई आफ्नो चेलो बनाउनुहोस् ।

(ग) त्यस ठाउँमा पढेर के काम ?

(घ) तिम्रो इच्छा देखेर म खुसी भएँ ।

(ङ) तिमीले ऋषिलाई यति मात्र भन्नु, म जाबालाको छोरो हुँ ।

(च) गुरुको धर्म पनि बालकको प्रतिभा विकास गर्न मदत गर्नु हो ।

## ८. तलका शब्दहरूलाई वाक्यमा प्रयोग गर :

ऋषि, टक्क, शास्त्र, ढिपी, स्नेह, सरासर, आश्रम, कुलघरान, अँगालो

## ९. उस्तै सुनिने शब्दहरूको उच्चारण गर :

| | | | | | |
|---|---|---|---|---|---|
| सुनसान | शिक्षा | जातपात | अँगालो | धर्म | चेला |
| थुनथान | दीक्षा | सागपात | भँगालो | कर्म | ठेला |
| गुणगान | भिक्षा | हातपात | सँगालो | पर्म | मेला |

## १०. उत्तर लेख :

(क) गौतम ऋषि र उनका चेलाहरू कसलाई देखेर छक्क परे ?

(ख) बालक किन गौतम ऋषिकहाँ गएको थियो ?

(ग) आमाले बालकलाई के भनेर सम्झाइन् ?

(घ) बालक कुन कुरामा जिद्दी गर्न थाल्यो ?

(ङ) असल मान्छे हुन के चाहिन्छ ?

## ११. पढ, बुझ र लेख :

(क) पढ्ने ठाउँमा अनावश्यक कुरा सोधिन्छ भने त्यस ठाउँमा पढेर के काम ?

(ख) आफूलाई चिनाउन बाबुकै मात्र नाम भन्नुपर्दैन । आमाको पनि त आफ्ना सन्तानप्रति त्यत्तिकै हक हुन्छ ।

(ग) राम्रो अवसर पाए जो पनि असल मान्छे हुन सक्छ ।

## १२. तलका शब्दहरूमध्ये मिल्ने शब्द खाली ठाउँमा लेखी वाक्य पूरा गर :

| | | | |
|---|---|---|---|
| अकस्मात् | परिश्रम | शिष्य | विद्वान् |
| आश्रम | मनोरम | कर्तव्य | स्नेह |

(क) गुरु गौतम बालकलाई आफ्नो अगाडि ......... आएको देखेर छक्क परे।

(ख) असल मानिस हुन दिनरात ......... गर्नुपर्छ ।

(ग) अचेल विद्यालयमा पढाइ भए जस्तै पहिले ऋषिको .................. मा पढाइ हुन्थ्यो ।

(घ) विद्यार्थीले आफ्नो परिश्रम पढाइमा लगाउनुपर्छ । यही नै उसको ......... हो ।

(ङ) गुरु र ......... को सम्बन्ध बाबुछोराको जस्तै हुन्छ ।

(च) प्रकृतिको ......... वातावरणमा जो पनि रमाउन सक्छ ।

(छ) ......... ले पढाउने मान्छेलाई सबैले मन पराउँछन् ।

(ज) राजालाई देशमा मात्र मान गरिन्छ तर ......... लाई भने जहाँ पनि मान गरिन्छ ।

## १३. वाक्यको फरक अर्थ बुझ :

भाइ विद्यालयबाट आयो ।

भाइ विद्यालयबाट आयो ?

बहिनीले पाठ पढी ।

बहिनीले पाठ पढी ?

तिमी भात खान्छौ ।

तिमी भात खान्छौ ?

१४. तलका चित्र हेर र देखेका फरक कुरा लेख :





(क) ------------------------------

(ख) ------------------------------

(ग) ------------------------------

(घ) ------------------------------

(ङ) ------------------------------

१५. स्थानीय क्षेत्रमा हुने कथा वाचन, प्रवचन, नाटक, वादविवाद वा लोकगीत प्रतियोगिता भएका ठाउँमा तिमीले देखे सुनेका कुरा कक्षामा सुनाऊ ।

२१

# आधुनिक सञ्चार

भाइबहिनी हो ! तिमीहरूले देखेकै हौला । आज मानिस हवाइजहाज चढेर आकाशमा उड्न सक्छ । पानी जहाजमा समुद्र घुम्न सक्छ । मोटर चढेर संसार डुल्न सक्छ । घरैमा बसेर टाढाको मान्छेसँग बोल्न सक्छ । संसारका घटना घरैबाट हेर्न सक्छ । यो सबै विज्ञानले गराएको हो ।

वैज्ञानिकहरू खोजमा लागिरहन्छन् । उनीहरूकै प्रयासबाट सञ्चार क्षेत्रमा पनि परिवर्तन आएको छ । पहिले पहिले मानिसहरूलाई चिठी पठाउन गारो थियो रे ! परेवाले चुच्चाले च्यापेर आफन्तकहाँ चिठी पुऱ्याइदिन्थे रे !



हुलाक सेवाको विकास भएपछि चाहिँ मानिसले हुलाकबाट चिठी पठाउन थाले । चिठी पठाउँदा समय लाग्ने भएकाले वैज्ञानिकले खबर छिटो पठाउने उपाय खोजे । यही क्रममा टेलिफोनको आविष्कार भयो । टेलिफोनबाट मानिसले घरैमा बसेर संसारभरका मानिससँग गफ गर्न सक्छन् । सञ्चारकै लागि वैज्ञानिकले रेडियो बनाए । रेडियोबाट पनि संसारमा घटेका नयाँ नयाँ घटना, समाचार, गीत र अन्य कार्यक्रम सुन्न सकिन्छ । आज मानिसले टेलिभिजन हेर्न पाएका छन् । यसबाट विभिन्न कार्यक्रम हेर्न तथा सुन्न सकिन्छ । मानिसका सुविधाका लागि वैज्ञानिकहरूले कम्प्युटरको आविष्कार गरेका छन् । यसको प्रयोगले हुलाक सेवामा पनि नयाँ प्रविधि भित्रिएको छ । हुलाकमा गएर चिठी पठाउनुभन्दा इमेल पठाउनु सजिलो भएको छ । इमेल भनेको कम्प्युटरबाट सञ्चालन गर्न सकिने विद्युतीय हुलाक हो । यसबाट छिटो छरितो ढङ्गले



चिठीपत्र पठाउन सकिन्छ । कम्प्युटरमा टाइप गरी तोकिएको व्यक्तिलाई इमेल पठाउन सकिन्छ । यो कम्प्युटरमा नै पढ्न सकिन्छ । यसलाई छाप्न पनि सकिन्छ । आजभोलि देश विदेशमा घटेका विभिन्न घटना र विविध विषयको जानकारीका लागि अखबारको मात्र भर पर्नुपर्दैन । विभिन्न प्रकारका घटना र विषयको जानकारी रेडियो र टेलिभिजनबाट सुन्न र हेर्न सकिन्छ । टेलिफोन र कम्प्युटर हुनेले इन्टरनेटबाट पनि सञ्चारको आदान प्रदान गर्न सक्छन् ।

भाइबहिनी हो ! रेडियो, टेलिफोन, टेलिभिजन, इमेल, इन्टरनेट भनेका सञ्चारका साधन तथा माध्यम हुन् । सञ्चार भनेको खबर वा सूचनाको आदानप्रदान हो । विद्युतीय साधनबाट पठाइने सञ्चारलाई चाहिँ विद्युतीय सञ्चार भनिन्छ । रेडियो, टेलिभिजन, कम्प्युटर चलाउन विद्युत् शक्ति चाहिन्छ । आजभोलि ब्याट्री र सौर्यशक्तिबाट पनि यस्ता साधन चलाउन सकिन्छ । तर विद्युत् नपुगेका ठाउँमा भने विद्युतीय साधन चलाउन गारो पर्छ ।


विद्युतीय सञ्चार छिटो छरितो र भरपर्दो हुने भएकाले मानिसहरूले यसको उपयोग गर्न थालेका छन् । सञ्चार क्षेत्रमा नवीन प्रविधिको प्रयोगले गर्दा

मानिसहरूले घरैमा संसारका विभिन्न जानकारी पाएका छन् । हुलाक सेवाबाट प्राप्त हुने सञ्चार सुविधा यसका तुलनामा समय लाग्ने र कठिन छ । यसैले मानिस विद्युतीय सञ्चारप्रति आकर्षित भएका हुन् । हाम्रो देशमा भने सञ्चारका आधुनिक साधन सर्वसुलभ छैनन् । हामीले सञ्चारका लागि हुलाककै



भर पर्नुपरेको छ । विद्युतीय सञ्चार साधन सर्वसुलभ बनाउन देशभरि नै विद्युत् शक्ति उपलब्ध हुनुपर्छ । हाम्रो देश जलस्रोतमा धनी देश पनि हो । नेपालका नदीहरूबाट प्रशस्त विद्युत् निकाल्न सकिन्छ । भौगोलिक कठिनाइ र पैसाको अभावले विद्युत् निकाल्न सकिएको छैन । यसैले हाम्रो देशमा सबैतिर विद्युत् शक्ति छैन । विद्युत् नभएका कारण सञ्चारका आधुनिक प्रविधि पनि सर्वत्र उपलब्ध छैनन् । हामीले विद्युतीय सञ्चारको विकास र उपयोग गर्नु आवश्यक छ । संसारसँगै अघि बढ्न हामीले पनि सञ्चारका साधनको विकास र विस्तार गर्नुपर्छ ।

भाइबहिनी हो ! सञ्चारका साधनहरूको बढी उपयोग गर्नेले संसारका विभिन्न जानकारी हासिल गर्छन् । यसबाट हामीले हाम्रो दैनिक व्यवहार सुधार्न र हाम्रो



प्रतिभाको सदुपयोग गर्न सक्छौँ । आधुनिक सञ्चार हाम्रो पढाइ, खानपान, स्वास्थ्य आदिका लागि उपयोगी छ । यसैले हामीले पनि आधुनिक सञ्चारको उपयोग गर्ने प्रयत्न गर्नुपर्छ ।

## अभ्यास

### १. तलका शब्दहरू शुद्धसँग पढेर सुनाऊ :

समुद्र, सञ्चार, आविष्कार, कार्यक्रम, घटना, इन्टरनेट, साधन, कृषि, जलस्रोत, प्रविधि

### २. सच्याएर सार :

पर्यास, आबिस्कार, घट्ना, बिभिन्न, बैग्यानिक

### ३. शब्द र अर्थको जोडा मिलाऊ :

| शब्द | अर्थ |
|---|---|
| आविष्कार | नयाँ नयाँ वस्तुको उत्पादन |
| प्रविधि | सूर्यबाट प्राप्त हुने शक्ति |
| अखबार | नयाँ |
| आदानप्रदान | लिनेदिने काम |
| सौर्यशक्ति | तरिका |
| नवीन | खबरपत्रिका |
| उपयोग | सजिलैसँग हुने प्राप्ति |
| सर्वसुलभ | सबैतिर |
| जलस्रोत | पानीका स्रोत |
| सर्वत्र | विद्युत् सम्बन्धी |
| विद्युतीय | प्रयोग |

### ४. वाक्यमा प्रयोग गर :

हुलाक, टेलिफोन, रेडियो, इमेल, इन्टरनेट, अखबार, सञ्चार, विद्युत्

## ५. उत्तर भन :

(क) पहिले पहिले मानिसहरू चिठी कसरी पठाउँथे ?

(ख) कसको प्रयासबाट सञ्चार क्षेत्रमा परिवर्तन आएको हो ?

(ग) रेडियोको आविष्कार किन भयो ?

(घ) इमेल भनेको के हो ?

(ङ) किन सबैतिर आधुनिक सञ्चार पुगेको छैन ?

## ६. बेठिक भए सच्याएर सार :

(क) रेडियोबाट गीत सुन्न र हेर्न सकिन्छ ।

(ख) इमेल चिठी पठाउने ढिलो माध्यम हो ।

(ग) इन्टरनेटबाट फोन गर्न सकिँदैन ।

(घ) सौर्यशक्तिबाट विद्युतीय साधन चलाउन सकिन्छ ।

(ङ) नेपालका सबै ठाउँमा बिजुली पुगेको छैन ।

## ७. तलको तालिकाबाट मिल्ने वाक्य बनाएर लेख :

| | | | |
|---|---|---|---|
| म<br>हामी<br>ऊ<br>उनीहरू | साथीलाई | टेलिफोन | गर्छु ।<br>गर्छ ।<br>गर्छन् ।<br>गर्छौं । |

## ८. शिक्षकले भनेको सुनेर लेख :

(शिक्षक साथी ! तल दिइएका जस्ता अरू वाक्य पनि सुनाएर लेख्न लगाउनुहोस् र सबैभन्दा राम्रो लेख्नेलाई स्याबासी दिनुहोस् ।)

(क) वैज्ञानिकहरू खोजमा लागिरहन्छन् ।

(ख) इमेल भनेको कम्प्युटरबाट सञ्चालन गर्न सकिने विद्युतीय हुलाक हो ।

(ग) हाम्रो देशमा भने सञ्चारका आधुनिक साधन सर्वसुलभ छैनन् ।

## ९. तल दिइएका शब्दहरू छानी खाली ठाउँमा लेख :

हामी, तँ, तिमी, ऊ, उनी

(क)----------- चिठी कसरी पठाउँछौ ?

(ख) ----------- कतातिर लागिन् ?

(ग) ----------- अखबार पढेर छक्क पर्‍यो ।

(घ) ----------- किन बरालिएको हँ ?

(ङ) ----------- इन्टरनेट हेर्छौं ।

## १०. उत्तर लेख :

(क) सञ्चार क्षेत्रमा कसरी परिवर्तन आएको हो ?

(ख) टेलिफोनको आविष्कार किन भएको हो ?

(ग) समाचार थाहा पाउने माध्यम के के हुन् ?

(घ) मानिस किन विद्युतीय सञ्चारप्रति आकर्षित भएका हुन् ?

(ङ) हामीले किन आधुनिक सञ्चारको उपयोग गर्नुपर्छ ?

## ११. पढ, बुझ र लेख :

इन्टरनेट भनेको कम्प्युटरबाट सूचना पाउने र सूचना तथा जानकारी पठाउने माध्यम हो । यो कम्प्युटरलाई विश्व सञ्जालमा जोड्ने प्रविधि हो । यसमा राखिएका सामग्री जोसुकैले पढ्न सक्छन् । यसमा विश्वका विभिन्न सूचना हेर्न र पढ्न सकिन्छ । यसबाट टेलिफोन सम्पर्क गर्न पनि सकिन्छ ।

## १२. सञ्चारको कुनै एक साधनका बारेमा तिमीले जानेका पाँच वाक्य लेख ।

## १३. तिम्रो गाउँटोलमा देश विदेशका हाल खबर कसरी थाहा हुन्छन् ? साथीहरूसँग छलफल गरेर लेख ।

## १४. कक्षा चारको 'मेरो नेपाली किताब' बाट तिमीले के के सिक्यौ, लेखेर शिक्षकलाई देखाऊ ।